# अध्यायएक

# अध्ययनको परिचय

## १.१ परिचय

आन्दोलन भन्नाले विशेषत राज्यले विभेद सिर्जना गरे पश्चात जनताहरुले आफ्नो हक अधिकार सुनिश्चितताका लागि गर्ने शान्तिपूर्ण, आवेशपूर्ण वा अशान्तिपूर्ण तरिका आवलम्बन गर्दै गरिने सामूहिक उत्थानको आवाज हो । यसर्थ आन्दोलन अन्याय र अत्याचारको विरुद्धमा निक्लिएको हेपिएका र पछि पारिएका जनताहरुको मुक्तिकामी आवाज हो । जसलाई विभिन्न विद्वानहरुले विभिन्न समयमा विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । यसै क्रममा चैतन्य मिश्रले आफ्नो पुस्तक “बदलिँदो समाजमा” (२०६७) मा आन्दोलनलाई यसरी परिभाषित गरेका छन् । “सामाजिक परिवर्तन नै समाजशास्त्रको जग हो । परिवर्तन नहुँदो हो त समाजशास्त्रको आवश्यकता नै पर्दैनथ्यो । जे जे कारणले समाजमा परिवर्तन ल्याउँछन् ती सवै कारण नै समाजशास्त्रका जननी हुन्”।

मिश्रले यस वदलिँदो नेपाली समाज पुस्तकमा मूलत २०४६ सालदेखि २०६६ साल सम्मका बहुदलीय प्रजातन्त्रका लागि भएका जनआन्दोलनदेखि लोकतान्त्रिक गणतन्त्रसम्मका संक्रमणलाई समेटेको छ । पहिलो अध्यायमा नेपाली समाज र रुपान्तरणबारे उल्लेख पाइन्छ । दोस्रो अध्यायमा नारी पुरुष र सम्पत्तिबारे चर्चा पाइन्छ । तेस्रो अध्यायमा गरिवी, विकास र राजनीतिको बारेमा छलफल गरेका छन् । चौथो अध्यायमा शिक्षा, स्वास्थ्य र राजनीतिबारे विस्तृत रुपमा केलाएको पाइन्छ । पाँचौ अध्यायमा धर्म र सँस्कृतिलाई केन्द्रमा राखि चिरफार गरेको पाइन्छ । छैठौ अध्यायमा नेपाली समाजशास्त्र आवश्यकता र औचित्य माथि प्रकाश पारिएको छ । यसरी हेर्दा समग्र समाज परिवर्तन हुनु, आफ्नो हक अधिकार सुनिश्चितताका लागि आन्दोलनले स्थापित गरेको कुरा नै औल्याएको पाइन्छ ।

आन्दोलन समाजमा यसका विकृति, विसंगति, अन्याय, अत्याचार एवं भ्रष्टाचार विरुद्धको बुलन्द आवाज हो । यो समाजशास्त्रीय बहुआयामिक रुपान्तरण एवं परिवर्तनका लागि लड्ने शक्ति हो । यसलाई यसरी परिभाषित गरिएको पाइन्छ । बोल्केभ (२९८५: १७) का अनुसार “आन्दोलन मानिसहरुको राजनीतिक सक्रियतालाई प्रेरित गर्नका निम्ति उनीहरुको चेतना

तथा मनोदशालाई प्रभावित गर्न मौखिक, मुद्रित तथा दृश्यगत राजनीतिक क्रियाकलाप हो ।"

राज्यद्वारा निर्मित सन् १९१० को मुलुकी ऐनले नेपालमा सबै जनजातिहरुलाई मतवालीको संज्ञा दिएको थियो । जुनशब्दलाई अहिले आदिवासी जानजातिको नामले चिनिन्छ । ( गुरुङ्ग,२०६९) । दिइएको वा मतवालिको नामले चिनिएको प्रति गुरुङ्गहरुको आपत्ति रहेको देखिन्छ भने जनजातिको आत्मसम्मानमा चोट पुगेको ।

ब्रास (१९९१: १९-२०) जनजाति आन्दोलनका बारेमा भन्छन् । "जनजातियताले भावनात्मक आत्मसचेतना पनि ग्रहण गरेको हुन्छ । जसले एउटा स्तरको माग वा  दावा गर्ने अरु भन्दा आफूलाई ठूलो वा कम्तिमा पनि बराबरी छु भन्ने माग गर्दछन् आफ्नो दसा सुधार्नका लागि उनीहरुले आर्थिक कल्याण, नागरिक अधिकार, शैक्षिक अधिकार आदिका लागि राजनीतिक क्षेत्रमा दवावसमूहका रुपमा आवाज उठाउँदै छन् र यसभन्दा अघि बढेर उनीहरु स्वायत्तता र पृथक राज्यको पनि माग गर्दछन् ।" पृथ्वी नारायण शाहको एकिकरण एवं. राष्ट्र निर्माणमा बहादुरी पूर्वक लड्ने जनजातिहरुको योगदान पश्चात उनीहरुलाई पुरस्कारको रुपमा प्रदान गरिएको जमिनलाई नै किपट भनिन्छ । जसलाई लिम्बुहरुसँगको संझौताको लालमोहर सन्धी पनि भनिन्छ । पृथ्वी नारायण  शाहले सन् १७७४ मा लिम्वूहरुसँग सम्झौता गरी लालमोहर जारी गरेका थिए । यही प्रसंगलाई महेशचन्द्र रेग्मीले ल्याण्ड एण्ड टेनियुर नामक पुस्तकको च्यापटर ७ को पृ. ५४० मा किपट शीर्षकको रिफरेन्समा लालमोहर जारी गरेको मिति १८३१, १२ सुदी भनी उल्लेख गरेका छन् । जसमा पृथ्वीनारायण शाहले त्यही समयमा नै लिम्बुहरुलाई भूमिको मात्र अधिकार प्रदान नगरेर नदी, नाला, खोला, वन, जंगल, खोला अरुण वारिका किरात लिम्वुहरुलाई  प्रदान गरेका थिए । सम्पूर्ण न्यायिक, प्रशासनिक, आर्थिक अधिकारहरु प्रदान गरी लिम्बुवानलाई स्वायत्तता प्रदान गरेका थिए । स्वतन्त्र लिम्बूवानलाई पृथ्वीनारायण शाहले सन् १७७४ मा लालमोहर प्रदान गरी  गोरखा राज्यमा गाभेपछि पनि स्वायत्त रुपमा किरात लिम्बुहरुले राज्य व्यवस्था सञ्चालन गर्दै आएका थिए ।

लिम्बुवान र गोर्खा राज्यबीच भएको सन्धीदेखि २००७ साल सम्मलाई पहिलो चरण मान्न सकिन्छ । किरात याक्थुम चुम्लुङ्का अध्यक्ष भन्नुहुन्छ । मुलतः १८३१ पछि भूमिको आधारमा

स्वयत्तता लागू गरेको थियो । त्यस बेला भूमिलाई केन्द्रमा राखेर लिम्बुवानमा स्वायत्तता अधिकार सुरक्षित थियो । तर गोर्खा पक्षले गरेको प्रतिबद्धता अनुसार अधिकार सधैं कायम रहेन सम्झौता उल्लंघन भएको विरुद्धमा पटक पटक विद्रोहहरु पनि हुँदै आएको छ ।

यसै गरी डा. चैतन्य सुब्बा भन्नु हुन्छ, "यस अवधि लिम्बुवान स्वायत्तताको माग गर्दै राणा शासनको अन्त्य सम्म आइपुग्दा लिम्बुहरुले १० औं पटक विद्रोह गरेको बताउनु हुन्छ ।"

मञ्च सम्बद्ध संघीय लिम्वुवान राज्य परिषदका अध्यक्ष कुमार लिङदेनको विचारमा "त्यो समयमा अमेरिकामा आधुनिक राष्ट्रवादको सुरुवात भएको थियो भने लिम्वुवान चाँहि कोपिलामा असिनाले हान्दाको जस्तो अवस्था थियो भन्दछन् ।"

इतिहासविद इमानसिंह चेम्जोङ (वि.सं. २०५९) ले उठाएको लिम्बु आन्दोलनलाई मञ्च सम्बद्ध अध्यक्ष कुमार लिङदेनले वि.सं. २००७ सालमा साम्राज्यवाद विरुद्ध साम्यवाद र पुँजीवादमा उठान गर्न खोजे । वि.सं. २००९ मा लिम्बुवान सुधार संघ स्थापना भयो । भूमिसुधार ऐन वि.सं. २०२१ को विरुद्ध छिटफुट आन्दोलन भयो । वि.सं. २०४३ मा विर नेम्वाङको नेतृत्वमा लिम्बुवान मुक्तिमोर्चा गठन भयो ।

वि.सं. २०४६  भदौ १७ मा गठित लिम्बु भाषा, धर्म, तथा संस्कृतिका विषयलाई लिएर स्थापना भएको किराँत याक्थुङ्ग चुम्लुङ्ग २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनः आगमनसँगै लिम्बु र लिम्बुवान रीतिरिवाजहरुको सवालमा अधिकारमूखी आन्दोलनमा सक्रिय हुँदै आएको देखिन्छ । नेपाल लोकतान्त्रिक किरात लिम्बूसंघको मुखपत्र (२०६४) ।

त्यसै गरी माओवादीले आफ्नो प्रभाव विस्तार गर्न २०५६ सालमा धरानमा भक्तराज कन्दङ्वाको संयोजकत्वमा लिम्वूवान अध्ययन मञ्च गठन गरेको थियो । त्यही मञ्च पछि २०५७ सालमा भक्तराज कन्दङ्वा कै नेतृत्वमा लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चामा परिणत भयो । माओवादी लिम्बुवान् संगठनको स्थापना सँगै लिम्बुवान आन्दोलनले मूल धारको राजनीतिमा प्रभावशाली स्थान हासिल गर्दै आएको देखिन्छ । साथै २०५५ सालमा स्थापित लिम्बु विद्यार्थी मञ्चको सक्रियता पनि लिम्बुवान आन्दोलनका लागि उल्लेख रहेको देखिन्छ । नेपाल लोकतान्त्रिक किरात लिम्बूसंघको मुखपत्र (२०६४) ।

वि.सं. २०६३ जेठमा सम्पन्न चुम्लुङ्गको छैठौ महाधिवेशनले आत्म निर्णयको अधिकार सहितको लिम्बुवान् स्वायत्त राज्यको मागलाई संस्थागत रुपमा उठाएपछि लिम्बुवान आन्दोलन थप गतिशिल बन्यो । विद्यार्थी मञ्चले ०६३ असार १७ गते काठमाडौंमा आयोजना गरेको संघीय संरचनामा लिम्बुवान् जातिय स्वायत्त राज्य एक प्रस्तावना विषयक एक दिने कार्यशाला गोष्ठिमा मञ्चका तत्कालिन सल्लाहकार कुमार लिङ्देनले कार्यपत्र प्रस्तुत गरेका थिए ।

बास्तवमा पूर्वका नौ जिल्लालाई लिम्बुवान भनिनै आएको ऐतिहासिक पृष्ठभूमि पाइन्छ । यसको मुख्य कारण भनेको त्यस क्षेत्रमा बसोवास गर्ने विशेष जाति लिम्बुहरुले लालमोहर सन्धीमार्फत पुरस्कारको रुपमा पाएको किपट जग्गा सन् १८३१ देखि स्वायत्त थियो तर भूमि सुधार ऐन २०२१ ले रैकरमा जाने आधार  सिर्जना गरे पश्चात् उनीहरुले पाएको जग्गा गुम्ने कारण यो आन्दोलनले तीब्रता पाएको देखिन्छ । यथार्थ रुपमा हेर्दा साँच्चै नै सो जग्गा धेरै मात्रामा हाल रैकर भइसकेको र २४० वर्षदेखि त्यस ठाउँमा बस्ने जातिहरुको आफ्नो आर्थिक, सामाजिक, साँस्कृतिक अवस्था कमजोर हुँदै गएको कारण यो आन्दोलन हालसम्म सशक्त देखिन्छ । यसरी अन्याय र अत्याचारको विरुद्धको यो परिवर्तनको आवाज नै पूर्वी नेपालको लिम्बु आन्दोलन हो ।

## १.२. समस्याको कथन

मेरो यो लिम्बुवान आन्दोलनको अध्ययनमा मैले देखेको समस्यालाई यसरी उल्लेख गरेकी छु । समस्याकै उठानबाट अनुसन्धानको सुरुवात हुने भएकाले विषेशतः पृथ्वीनारायण शाहका पालादेखि बहादुरी साथ देशका लागि लड्ने बहादुर यौद्धाको संज्ञाले चिनिने यो जाति भएकाले पछि ब्रिटिसले पनि आर्मिमा भर्ना गर्ने ऐतिहासिक पृष्ठभूमि छ । यसले पनि यो प्रष्ट छ कि उनीहरु आफ्नो योग्यता र क्षमता इमान्दारीतामा विचलित नहुने भएकाले प्रभावित भई त्यसबेलाको शासकले पुरस्कारको रुपमा दिएको जमिन नै किपट थियो । उनीहरुले यो जमिन वि.सं. १८३१ बाट प्राप्त गरेका थिए । पछि विस्तारै यो जमिन हराउँदै गयो । फेरी सरकारी नियमावली र ऐन अनुसार वि.सं. २०२१ सालमा आएको ऐन पश्चात् पूर्णरुपमा समाप्त भयो । यसरी जमिन, पहिचान र आत्मनिर्णयको अधिकार समाप्त हुनु नै मेरो अध्ययनको मूल समस्या बनेको छ । (राई, २०६५)

वि.सं. १८३१देखि२०२१ सालसम्म जातीय पहिचान तथा आत्म निर्णयको अधिकार सहित स्वायत्त राज्य भएको पूर्वी लिम्बुवान क्षेत्र हाल आएर लिम्बुहरुले आफ्नो संस्कृति भाषा तथा जातीय पहिचान बोकेको किपट भूमि गुमाएका छन् । लिम्बुहरुको किपट भूमि तथा आत्मनिर्णयको अधिकार गुम्न गएको छ । यो पूर्वी लिम्वुवान क्षेत्रमा विकराल समस्याको रुपमा खडा भएको छ । सो प्राप्तिका लागि विभिन्न चरणहरुमा आन्दोलन गर्दै आएको विषयवस्तु नै प्रमुख समस्या रहेको छ ।

वास्तवमा १८३१ को लालमोहर सन्धीलाई राज्यले वेवास्ता गर्दै समाप्तितिर लगेको कारणले समस्या मूलक बनेको छ । त्यसपश्चात राज्यले वि.सं. २०२१ मा भूमिसुधार ऐन पास गरेर लागू गर्‍यो । यसले पनि उनीहरुको किपट भूमिलाई प्रहार गर्‍यो । थप समस्या सिर्जना गर्‍यो । यस पश्चात उनीहरुको पहिचान, संस्कृतिर स्रोत परिचालन जस्ता कुराको कानूनी अधिकारले बन्धनमा पर्‍यो । यो पनि आन्दोलनको विषयवस्तु र उनीहरुको समस्या बन्यो । साथै परम्परा कालमा प्राप्त गरेको राज्य र स्वायत्तताको अधिकार गुमेकाले यो समस्या बन्यो । सोही माथि उल्लेखित विषयवस्तु नै यस लिम्वुवान आन्दोलनका समस्याहरु बनेका छन् ।

### १.३. अनुसन्धानको उद्देश्य

समाज वा देश परिवर्तनको लागि जनताहरुले विद्रोह गर्ने तथा आन्दोलन गर्ने गर्दछन् । नयाँ कुरा ल्याउन र पूराना कुराहरुको अन्त्य गर्न क्रान्ति नै गर्नु पर्ने हुन्छ । त्यसैले पूर्वी नेपालमा लिम्बुहरुले आफ्नो भाषा, धर्म, संस्कृति तथा आफ्नो पहिचान बचाउनको लागि तथा राज्य सत्तामा समान हकको लागि आन्दोलन गरिरहेको अवस्था छ ।

यस अध्ययनको मूल उद्देश्य भनेको लिम्बुवान आन्दोलन किन भयो र सो को कारणहरुको अध्ययन गर्नु रहेको छ । यस अध्ययनका निम्न विशिष्ट उद्देश्यहरु रहेका छन् ।

१) लिम्बुवान आन्दोलनका कारणहरु पत्ता लगाउने ।

२) आन्दोलनले लिम्बुहरुको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थामा पारेको प्रभावबारे अध्ययन गर्ने ।

३) लिम्बुवान आन्दोलनका पहिचान अधिकार भित्र के के कुराहरु हुन्छन् भनि पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

लिम्बु जातिहरुको आफ्नै छुट्टै धर्म, संस्कृति, परम्परा रहेको छ । लिम्बुहरुले पहिचान उनीहरुको आफ्नो भाषा, धर्म, सँस्कृतिसँग जोडिएको छ । आत्मनिर्णयको अधिकार तथा आफ्नो स्वायत्त भएको किपट भूमि वर्तमान अवस्थामा लिम्बुहरुले गुमाउन पुगेका छन् । राजनैतिक क्षेत्रमा शक्ति र सत्ता असमान रहेको वर्तमान अवस्थामा सवै जाति, वर्ग, लिंगको पहुँच समान हुनु पर्दछ । राज्यको शक्ति विकेन्द्रीकरण हुनुपर्दछ । केन्द्रमा मात्र सीमित हुनु हुन्न , स्थानीय स्रोत र साधानको परिचालन स्थानीय निकायबाट हुनु पर्छ भन्ने मूल नाराका साथ यो आन्दोलन अघि बढेको देखिन्छ ।

समाज, देश परिवर्तको लागि नयाँ कुरा प्राप्तिको लागि विश्वमा जाति जाति बीच, वर्गवर्ग बीच मात्र नभएर धर्म, क्षेत्र, लिङ्ग बीच पनि आन्दोलन भएकोपाइन्छ। त्यसैले नयाँ सोच, धारणा, विचार ल्याउन समाजमा परिवर्तन ल्याउनु आन्दोलनले अहम् भूमिका खेलेको हुन्छ । जातिय संस्कृति राष्ट्रको सम्पदा भएकाले पर्यटकीय रुपले पनि यसको महत्व भएको हुँदा संस्कृति र धर्मको रक्षाको लागि पनि यसको बढी महत्व देखिन्छ । यसको योगदानलाई हेर्दा अधिकारको सुनिश्चितता र अरु अध्ययनको आधार बन्दछ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको अध्ययन

मिश्र (२०६७) ले यस वदलिँदो नेपाली समाज पुस्तकमा मूलत २०४६ सालदेखि २०६६ साल सम्मका बहुदलीय प्रजातन्त्रका लागि भएका जनआन्दोलनदेखि लोकतान्त्रिक गणतन्त्रसम्मका संक्रमणलाई समेटेको छ । पहिलो अध्यायमा नेपाली समाज र रुपान्तरणबारे उल्लेख पाइन्छ । दोस्रो अध्यायमा नारी पुरुष र सम्पत्तिबारे चर्चा पाइन्छ । तेस्रो अध्यायमा गरिवी, विकास र राजनीतिको बारेमा छलफल गरेका छन् । चौथो अध्यायमा शिक्षा, स्वास्थ्य र राजनीतिबारे विस्तृत रुपमा केलाएको पाइन्छ । पाँचौ अध्यायमा धर्म र सँस्कृतिलाई केन्द्रमा राखि चिरफार गरेको पाइन्छ । छैठौ अध्यायमा नेपाली समाजशास्त्र आवश्यकता र औचित्य माथि प्रकाश पारिएको छ । यसरी हेर्दा समग्र समाज परिवर्तन हुनु, आफ्नो हक अधिकार सुनिश्चिततताका लागि आन्दोलनले स्थापित गरेको कुरा नै औल्याएको पाइन्छ ।

अधिकार र आन्दोलनका कुरा गर्दा सन् १६१४ मा मार्गरेट फिलले स्कुल व्यवस्थापनमा महिलाले भोट हाल्ने अधिकार मागेर आन्दोलन सुरु गरेकी थिइन् । सन् १९४८ मा पर्सियामा महिला अधिकारको लागि ठूलो जुलुस निकाले । त्यहाँका तत्कालिन राजा जुलुस देखि डराएर भोट दिने अधिकार दिन्छु भनि प्रतिज्ञा गरे तर पछि धोका दिए । सन् १९५० मा ब्रिटेनमा, सन् १९८१ मा स्कटल्याण्डमा, सन् १९९३ मा न्यूजिल्याण्डमा, सन् १९९४ मा अमेरिकामा, सन् १९९५ मा अष्ट्रेलियामा, सन् १९०७ मा नर्वेमा, सन् १९५१ मा नर्वेमा, महिलालाई मत खसाल्ने अधिकार दिइएको थियो (www.nari.ekantipur.com)

यस साइवरक्रान्तिनामक पुस्तकका लेखकले पनि आफ्नो पुस्तकमा २०४६ सालको आन्दोलन पश्चात भाषण र नारामा मात्र सीमित अधिकार राखेको बारे उल्लेख गरेका छन् । तीन दलको सहमतिमा सवै व्यवस्थापन गर्ने, संररचना ध्वस्त पार्न खोजेका छन् । उनले विभिन्न कालखण्डको योगदान र लिम्बुहरुको चरणबद्ध आन्दोलनलाई उल्लेख गरेका छन् । त्यसमा स्वायत्त चाहाने राजनीति कर्मी, कार्यकर्ता र आम लिम्बुवान वासी जनताको आकांक्षा, चाहाना र मनोविज्ञान सम्बन्धमा चर्चा गर्दै दिशा निर्देश गर्न खोजेका छन् ।

आधुनिक राजनीतिक विज्ञान सम्मको राज्यप्रणाली र व्यवस्थापनले मात्र जनताको सार्वभौमसत्ता स्थापित गरी उनीहरुको आत्मसम्मान, पहिचान, स्वाभिमान, गौरव र सम्मान कायम हुन सक्छ भन्ने ऐतिहासिक शासकीय भूगोल, पहिचान र वर्तमान संरचना सन्तुलन भई राज्य पुर्नसंरचना हुन सक्ने मत जाहेर गरेका छन् । यसै कारण यो अध्ययनको लागि सान्दर्भिक रहेको छ (साइवर क्रान्ति, २०६९) ।

लिम्बुवान क्षेत्रमा सुनिएको श्रुतिकनथ अनुसार "कैलाश तथा कुम्भकर्णको दक्षिण भागमा बसोवास गर्ने भूमि पुत्रहरुलाई किराँत भनिन्छ ।" त्यस्तै बाघको आचरण भएको जातिलाई किराँत भनिन्छ । किरात शब्द "किरियत्, किरायत्, किरजथ हुँदै ब्युत्पन्न भएको देखिन्छ। भूमध्य सागर क्षेत्रमा बोलिने मोआवाइट भाषाबाट यसको अर्थ किल्ला वा शहर भन्ने बुझिन्छ ।" (कार्की, २०६५) ।

ट्राइवल इथ्नोग्राफी अफ नेपालमा किरातहरुको ऐतिहासिक पृष्ठभूमि, गोत्र, थर, शारीरिक वनावट, भेषभुषा, भाषा, धर्म, संस्कार तथा आर्थिक स्तरबारे वर्णन गरेका छन् । मुख्य आर्थिक स्रोत कृषि, भारतीय सेना र वेलायती सेनामा गई पैसा कमाउने रहेको छ । यिनीहरु बहादुर, सत्यवादी, सोझा, इमान्दार र सरल स्वभावले परिचित छन् (गौतम र थापामगर, १९९४) ।

पहिचान भन्ने कुरा तरल हुँदैन । जस्तो कि आज छ भोली छैन । व्यक्तिको स्थायी पहिचान उसको भूमि, संस्कृति, इतिहास, भाषा, धर्म, जात, र भौगोलिकतासँग सम्बन्धित हुन्छ । यस्तो पहिचान स्थायी, ठोस र सामूहिक हुन्छ (डम्बर चेम्जोङ २०६८) ।

नेपालका आदिवासी जनजातिहरुको राजनैतिक पार्टीहरुमा कम मात्रामा सहभागिता रहेको छ । नयाँ समाज निर्माण हुन र परिवर्तन ल्याउन सरकार केन्द्रीकृत नभएर विकेन्द्रीकृत हुनु पर्दछ । सवै जनजातिहरुको समान सहभागिता हुन पर्दछ । (होल्मवर्ग २०६९) ।

आत्म निर्णयको अधिकार भन्नाले आफ्नो बारे आफै निर्णय गर्न पाउने अधिकार हो । जसमा आफ्नो प्रतिनिधि कसलाई पठाउने, आफ्नो संस्कृति, संस्कार, भाषा, धर्म बारेमा आफैले निर्णय लिन पाउने अधिकार हो (टर्नर २०६९) ।

समानताको हक महत्वपूर्ण विषयको रुपमा रहेको छ । भारतकै संविधान समेत यसलाई महत्वपूर्ण रुपमा उठाइएको छ । यसलाई २ तरिकाबाट हेर्न सकिन्छ, औपचारिक समानता र यथार्थपरक समानता । औपचारिक समानतामा कानुनको नजरमा सवै जना बराबर हुनेछ भनेर उल्लेख भएको छ तर यो व्यवहारमा देखिएको छैन । त्यस्तै यथार्थपरक समानतामा बहिष्करण र पिछडिएका जनजातिहरुका लागि समान हकको कुरालाई उल्लेख गरिएको छ । तर कुनै पनि अधिकारको सुनिश्चितता देखिँदैन । त्यसैले काननमा लेखेरमात्र हुन्न त्यसलाई व्यवहारमा लागू गर्न सक्नु पर्दछ । (लामा २०६९) ।

गुरुङ (२०६९) का अनुसार आत्म निर्णयको अधिकारको सवालमा इथोपियाको जस्तै द्वन्द्वको उदाहरण र बुझाई गलत नहोस् भन्ने हो । वास्तवमा इथोपिया, नाइजेरियामा जाती कारणले द्वन्द्व भएको होइन । त्यहाँ जातीय आधारमा संघियता आयो तर एउटैजातिले शक्ति र सत्ता हत्याउनेप्रयास भएकोले त्यहाँ सोझै द्वन्द्व सिर्जना भएको हो । त्यसैले अधिकारको निक्षेपीकरण हुनु पर्दछ । अनिमात्र लोकतान्त्रिक गणतन्त्रमा संघीयता सफल हुन्छ ।

पृथ्वी नारायण शाहले भौगोलिक एकिकरण गर्दा साम,दाम, दण्ड, भेद सवै प्रयोग गरेर लडाई गरेका थिए । त्यसको बाबजुद सबैलाई हराउन सकेका थिएनन् । जसको फलस्वरुप सन्धि गरेर उनीहरुले स्वायत्तता, स्वशासन र लिम्बूहरुको भूमिमाथिको स्वामित्व, नियन्त्रण प्रथा जन्य परम्परा निर्वाध रुपमा निरन्तरता दिने प्रतिबद्धता सहित व्यवस्था गरेर सवै राज्यलाई समाहित गरेका थिए । यसबाट के बुझिन्छ भने स्वायत्तता, स्वशासनका कुरा त्यसबेला पनि आंशिक रुपमा राज्य पक्षले स्वीकार गरेकै देखिन्छ (भट्टचन, २०६८) ।

शाह वंशीय शासनकालमा जनजातिहरुको भूमि र प्राकृतिक स्रोत साधन माथिको अतिक्रमणले परिणाम स्वरुप जनजाति आन्दोलन भएको भन्ने गरिन्छ । तर जातियता भनेको कुनै निश्चित कुरा होइन जातियता भनेको बन्दै बिग्रदै फेरी बन्दै जाने कुरा हो । जहाँ बाजे लिम्वु र नाति लिम्बूमा धेरै फरक हुन्छ। बजे बाहुन र नाति बाहुनमा पनि निकै अन्तर छ । बदलिँदो विश्वपरिस्थितिबाट नेपाल पनि अछुत छैन । वर्तमान अवस्थामा उत्पादनको संरचनामा र जिविकोपार्जनको पद्दतिमा धेरै परिवर्तन आएको छ । यही परिवर्तनसँग सवै युवाहरुलाई अवसरको आवश्यकता परेको छ । यसरी उत्पादनको

संरचनामा आएको उथलपुथल गरी परिवर्तनको परिणाम नै जनजाति आन्दोलन हो (मिश्र, २०६८) ।

लिम्बुवान आन्दोलन जातिय ऐतिहासिक पृष्ठभूमिमा बन्ने राष्ट्रिय राज्य हो । लिम्बुवान लिम्बु जातिको जातिय ऐतिहासिक पृष्ठभूमिका आधारमा प्रस्ताव गरिएको क्षेत्रगत, भौगोलिक राज्य नै हो । यस मानेमा यो जातीय ऐतिहासिक पृष्ठभूमिमा बन्ने राष्ट्रिय राज्य हो । वि.सं. १८३१ साउन २२ गते अघिसम्म लिम्बुवान स्वतन्त्र राष्ट्र थियो भन्ने धेरै प्रमाणहरु भेट्न सकिन्छ (बराल २०६८) ।

पहिचान भन्ने वित्तिकै जातियतालाई मात्र हेर्न हुँदैन । पहिचान भन्ने वित्तिकै एकल जातीयतावादलाई मात्र नलिएर यसलाई भाषा, भूगोल, संस्कृति, लगायतका कुराहरुमा सम्झनु पर्दछ (चौधरी, २०६८) ।

ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा त्यहाँ पहिचानका कुरा आउने गर्दछ । ऐतिहासिकता बोकेको पृष्ठभूमिलाई केलाउँदा यस भित्र उनीहरुले सयौं वर्ष अगाडि देखि आफ्नो स्वायत्त राज्य गरेको तथा आत्म निर्णयको कुराहरु आउने गर्दछन् (खरेल, २०६९) ।

किपटका सन्दर्भमा विगत सत्तरी वा आसपासबाट पारिवारिक एवम् समूहको निर्णय मार्फत् अधिकारमा थियो । परिचित व्यक्तिहरुमा हस्तान्तरण गरिने प्रचलन थियो । यदि बाहिरबाट आएका सोही जातिलाई मिसाइने प्रचलन भए तापनि विगत २५ वर्षदेखि अन्य जातिका लागि र भूमिलाई रैकरमा जाने प्रचलन भयो । लिम्बू र बाहुनमा फुट देखियो । पूर्वी नेपालमा लिम्बु जातिको किपट र सामाजिक फेरवदल पहिलोपल्ट प्रकाशित भए तापनि समाजशास्त्र एवम् मानवशास्त्रका क्षेत्रमा विभिन्न विधिहरुमा परिवर्तन भइरहेका छन् । सैद्धान्तिक विचारहरु मानवशास्त्रीय अध्ययनहरु र लेखन परम्परा एवम् सवै परिवर्तन भइरहेका छन् । सन १९६० को अध्ययन र अनुसन्धान पछि जातीय समूहमाझ जटिलता सिर्जना भएको पाइन्छ । सन १९८८ मा पहिलो फिल्टवर्क गरेको ठाउँमा चार महिना पहिले पुनः भ्रमण गरी स्कुल अफ ओरिइन्टल एण्ड अफ्रिकन स्टडिज, युनिभर्सिटि अफ लण्डन अन्तर्गत समाज शास्त्रमा गरिएको पि.एच. डि. शोधपत्रसँगै सुरु भयो साथै पुस्तकको रुपमा प्रकाशित भयो (कपलान, २०१०) ।

लिम्बु विद्यार्थी मञ्च लिम्बु जातिको भाषा, धर्म  संस्कृतिको संरक्षण संवर्द्धनका लागि वि.सं. २०५५ चैत्र ६ गते स्थापन भई यस जातिका हक र अधिकार सुनिश्चितताका लागि प्रचार प्रसार, बहस, छलफल जस्ता बौद्धिक कार्यक्रम गरी प्रकासन समेत गर्दै आएको छ । यो लिम्बु विद्यार्थीहरुको साझा सङ्गठनका रुपमा अधिराज्य भरका उच्च मा.वि., क्याम्पस र विद्यालयमा क्रियाशिल छ । (लिम्बु जर्नल, २०६७ असोज)।

नेपालको इतिहासमा लिच्छविकालभन्दा अघि अर्थात ई. पु. ४००भन्दा अघि किराति राजाहरुले राज्य गरे भने पृष्ठभूमि पाइन्छ। केही राजाहरुको नामावली यस प्रकार रहेको छ । यलम्बर, शंख, मोरे, जुलुम, पटुक, प्रलोक, जितेदस्ती, खिम्बुव, खुरुन्जी, खीबु, मोरिङ, स्यूङ्गोग, धोरङ, मेरे, योकने आदि । कसैले २९ पुस्ता र कसैकसैले ३३ पुस्तासम्म राज्य गरे भन्ने पाइन्छ । यसमा एकलव्य पनि यिनै जातिका थिए  भन्ने किम्वदन्ती पाइन्छ । यसमा उनीहरुका केही आविष्कार, आदिवासी नै थिए भन्ने प्रमाण, पटुक दरबार, इन्द्रचोकको आकास भैरब, शिलालेख, बराह देवता, बिजयपुरको बुढासुव्वा लगायत उनीहरुको धर्म संस्कृति, परम्पराको बारेमा उल्लेख पाइन्छ । यस पुस्तकमा उनीहरुको लामो समय नेपालका रहेको र पछि लिच्छवीहरुले परास्त गरेपछि विस्तारै यताउता छरिएर रहेको पाइन्छ । यसले पनि प्रष्ट हुन्छ । उनीहरु धेरै पुराना बासिन्दा थिए । पहिले राज्य पनि गरे । तर पछि सवै खोसिँदै गयो । त्यसै पुनः प्राप्तिको लागि फेरी यो आन्दोलन सञ्चालित रहेको पाइन्छ (राई, २०६५) ।

याम्सुहाङ्ग, पुष्प सुव्वाले यस पुस्तकमा लिम्बुवानको पृष्ठभूमि र भावि दिशावोध शीर्षकमा भौगोलिक सीमाना टिष्टा-कांकडा केरुङ र दार्जिलिङ्गसम्मको भएको बताएका छन् । त्यसमा स्वायत्तता, आत्मनिर्णयको अधिकार, भाषा-वैज्ञानिक भूस्वामित्व, राजनीतिक अधिकार, स्रोत र साधनको परिचालन, लिम्वुवानको सदरमुकाम, धार्मिक स्थल, शिक्षा एवम् वनजंगलबारे उल्लेख पाइन्छ । यसै पुस्तकमा लोकदेवी देवताहरु लिम्बु कुलवंश र उत्पत्तिको अवस्था शीर्षकमा वैरागी काइँलाले प्रष्ट्याएका छन् । उत्तरआधुनिकता : एक नयाँ विश्वपरिस्थितिमा नेपालको सन्दर्भ भन्ने शीर्षकमा डा. गोविन्दराज भट्टराइले प्रष्ट्याएका छन् । आजको युगमा संस्कृति भाषा - वाङ्मय शिक्षा : हाम्रो जीवन नेपालका सवै भाषासाहित्यको भविष्य शीर्षकमा भानुभक्त पोखरेलेले प्रष्ट्याएका छन् । यसवाट पनि पुष्टि हुन्छउनीहरुपहिलेदेखि अधिकार, आत्मनिर्णय र पहिचानका लागि लडिरहेका थिए  (सुव्वा, २०६५)

यस कितावले लिम्बुहरुको सांस्कृतिकउद्यमीहरुलाई निश्चित नै प्रेरणा प्रदान गर्दछ र राजनैतिक आन्दोलनकारीलाई पनि आफ्नो माटो, धर्म र संस्कृतिप्रतिमोह जगाउन अभिप्रेरित गर्न सक्नेछ र यसले निश्चय नै हामीलाई लिम्बु वाङ्मय समृद्ध तुल्याउन हाम्रा पुर्खाहरुको योगदानलाई संस्मरण गर्न विवश तुल्याएको छ। जातपात विरोधी, वर्ण व्यवस्था विरोधी, बाहुनवाद विरोधी र निरंकुस अत्याचारी राणाशासन विरोधी रहेको र महागुरु फल्गुनन्द पनि यसबाट प्रेरित भएको चर्चा यसमा पाइन्छ। लालसोर ताप्लेजुङ्गमा जन्मिएका एक भाषा, लिपी, साहित्य र धर्मको प्रचार प्रसार गर्न सिकाउने शाहसी व्यक्तित्व थिए । राणाहरुले पक्रने डरले उनी दार्जिलिङ्ग सिक्किमतिर प्रवासी वने । तर पनि उनको यो पुस्तक यसको अध्ययनमा बढी उपयोगी रहेको छ (मन्योङ्वो, २०६२) ।

यस पुस्तकमा लिम्बुहरुको विकासका लागि खास एजेण्डा प्रस्तुत गरिएको छ । जसमा बाहुनहरुले सम्पूर्ण अधिकार कुष्ठित गरेको आरोप समेत छ । पहिलो एजेण्डा भाषा सम्बन्धी दोस्रो संस्कृति त्यस्तै धर्म, सामाजिक, आर्थिक विकास, महिला तथा वालवालिका, भूमि तथा प्राकृतिक संसाधन सम्बन्धी व्यवस्था, स्वतन्त्र र पूर्वसूचित सहमति तथा दिगो विकास, आदिवासी ज्ञान र परम्परागत प्रविधि, मानवअधिकार र आदिवासी अधिकार, आत्मनिर्णयको अधिकार र समावेशी प्रजातन्त्र, कार्यान्वयन र विविध रहेका छन्। खरोरुपमा भनिएको छ कि क्षतिपूर्ति र मुआव्जा विना राज्यद्वारा खोसिएको किपट मात्र होइन लिम्वुवानको जातीय तथा क्षेत्रीय स्वतन्त्रता नै हात नपरेसम्म लिम्बुहरु जुझारु रुपले सङ्घर्षरत हुनुपर्छ । यो महान मुक्तिको अभियानमा देशका आम आदिवासी/जनजातिहरुले राजनैतिक वृत्तका रुपमा चौथो शक्तिको रुपमा स्थापित हुन सक्नु पर्छ । साँच्चै समावेशी प्रजातन्त्र देशमा स्थापित नभएसम्म विश्राम लिनु हुँदैन । समयले पर्खिदैन । फलामतताएर औजार निर्माण भए जस्तै तातिएर आफ्नो भविष्य निर्माण गर्नुपर्छ । कसैले पनि अन्धकारमा जाकिनु हुँदैन (किरात याकथुङ चुम्लुङ, २०६१) ।

यसै क्रममा लिम्बुहरुको सामाजिक, आर्थिक, राजनैतिक अवस्था उनीहरुको आत्मनिर्णयको अधिकार, पहिचानका कुराहरुलाई सामान्य रुपमा वर्णन गरी लिम्बुवान आन्दोलन हुनुको कारणहरुलाई प्रष्टाउने प्रयास गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धानको पद्दति

### ३.१ अनुसन्धान क्षेत्रको छनोट

मानिसको आर्थिक, सामाजिक र राजनैतिक विकास आजको परिस्थितिको निकै नै जल्दोबल्दो समस्याको रुपमा रहेको छ । देशको भौगोलिक क्षेत्रभित्र सीमाबद्ध भएका जनताहरुको सर्वाङ्गीण विकास विना सुनौलो देश विकासको कल्पनासम्म पनि गर्न सकिँदैन । नेपालको पूर्वी भागमा रहेका लिम्बुहरुको पनि देशको मूलधारमा आउन पाउनु उनीहरुको मौलिक हक हो र उनीहरु त्यही कुरालाई लिएर आन्दोलन गरिरहेका छन् । त्यसैले यो अध्ययन क्षेत्र पूर्वाञ्चलको विशेष मेची कोशी अञ्चलका ९ वटा जिल्लामा बसोवास गर्ने लिम्बु जातिको आन्दोलन र समाजशास्त्रीय अध्ययनका बारेमा मोरङ जिल्लाको वेलवारी नगरपालिकालाई लिइएको छ । जसमा लिम्बु जातिको बाहुल्यता रहेको छ । उनीहरुको आफ्नै किसिमको सामाजिक, साँस्कृतिक संरचना, मूल्य मान्यता रही आएको छ ।

पूर्वी पहाडी जिल्लाका अधिकांश लिम्बूहरुको बसाइ सराइको मुख्य थलो हो र शोधकर्ता पनि सोही स्थानमा बस्ने, सो स्थानसँग परिचित एवम लिम्बुआन्दोलनसम्बन्धी रुचि भएको साथै तथ्यगत जानकारी हुने भएकाले सही तथ्यांक गर्न सकिने भएकाले यस क्षेत्रलाई लिएकी हुँ । यसले यथार्थ विषयलाई चित्रित गरी भविष्यमा समेत खोजअनुसन्धान गर्न सजिलो हुने भएकाले साथै सरकारी पक्षको विभेद, थिचोमिचो र आफ्नो धर्म स्स्कृति समाप्त भइ पहिचान समेत गुम्न लागेकाले यो मेरो रोजाइमा परेको ले छनोट गरेकि हुँ ।

### ३.२ नमुना छनोट :

यो अध्ययनको लागि वेलवारी नगर पालिका भित्र बसोवास गर्ने लिम्बुहरु मध्येबाट जम्मा १४० उत्तरदाताहरुलाई यस अध्ययनको लागि समावेश गरिएको छ । उत्तरदाता छनोटको लागि Random Sampling method को प्रयोग गरिएको छ । उक्त तरिका अन्तर्गत रहेर नमुना संकलन गर्ने क्रममा १४० जना नपुगन्जेल अगाडि परेका र मेरो प्रश्नको उत्तर दिन इच्छुक र उत्तर दिन सक्षम लिम्बु जातिका उत्तरदाताहरुलाई लिइएको थियो ।

### ३.३ तथ्यांक संकलन विधि

यस अध्ययन क्षेत्रका लिम्बु जातिका मानिसहरुको सामाजिक, आर्थिक र राजनैतिक विकासमा बाधा पार्ने तत्वहरुको बारेमा अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य भएकाले विभिन्न प्राथमिक र द्वितीय स्रोतहरुबाट सङ्कलित तथ्याङ्कलाई वर्णन गर्ने पद्दति अपनाइएको छ, अर्थात् वर्णनात्मक अनुसन्धान ढाँचालाई मुख्य रुपमा अनुसरण गरिएको छ। प्राथमिक तथ्यांकका स्रोतहरुमा सम्बन्धित क्षेत्रमा गएर उत्तरदातासँग प्रत्यक्ष भेटेर प्रश्नावली, अन्तवार्ता, अवलोकन, व्यक्तिगत अध्ययन गरिएको छ भने द्वितीय स्रोतबाट तथ्यांक लिँदा सम्बन्धित पुस्तकालय, शोधपत्रहरु, पत्रपत्रिका, स्थानीय संघसंस्थाका रेकर्ड, जनगणना, लेख र रचना तथा कृतिहरु आदिबाट लिएकी छु।

### ३.४अन्तवार्ता विधि

यस अध्ययनका क्रममा गुणात्मक तथा संख्यात्मक तथ्यांकको प्रयोग गरिएको छ । अध्ययनको क्रममा व्याख्या तथा विश्लेषण गर्नु पर्ने तथ्यहरु जे संख्यात्मक रुपमा प्रष्ट पार्न सकिँदैन त्यस्ता प्रकारका सूचनाहरुलाई गुणात्मक तथा संख्यात्मक रुपमा गन्न सकिनेखालका सूचनाहरुलाई संख्यात्मक ढाँचा अपनाइ सुचनाको व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनको प्राथतमिकताको आधारमा तथ्यांकको संकलन उत्तरदातासँगको अर्न्तवार्तालाई, मुख्य सुचना मानेर, अवलोकन गरिएको छ । यस अन्तवार्ता विधिमा जम्मा १४० उत्तरदाता छनोट गरी आवश्यक तथ्यांकहरु प्राप्त गरिएको छ । अन्तरवार्ताको लागि बन्द र खुल्ला खालका प्रश्नहरु सोधिएको छ । जसमा उत्तरदातालाई सम्बन्धित विषयमा आफ्ना विचार राख्न प्रोत्साहन गरिएको छ। उक्त अन्तवार्तामा उत्तरदाताहरुमा लिम्बु आन्दोलनको कारण, आर्थिक, सामाजिक अवस्था र पहिचान एवम आत्मनिर्णयको अधिकारका बारेमा सहभागिता, भूमिका उनीहरुको पृष्ठभूमि बारे जानकारी लिने प्रकृतिका प्रश्नहरु सोधि सोको उत्तरलाई तथ्यांकहरुको संकलन गरिएको छ।

### ३.५ तथ्यांक संकलनका साधनहरु एवम् तथ्यांकको प्रकृति

प्राथमिक स्रोत अनुसार प्रश्नावली भरेर ल्याएको प्रश्नलाई उद्देश्यअनुरुप तहगत रुपमा राखेर संकलन गरिएको छ जसमा के कति उचित रुपमा पुरा भए वा नभए बारे जानकारी

गरी थप घट गर्ने आधार सिर्जना गरी उद्देश्य अनुरुप मिलाइएको छ । तथ्यांक स्रोतहरु विशेषत : प्राथमिक स्रोत र द्वितीय स्रोतलाई लिइएको छ । जसअन्तर्गत प्राथमिक स्रोतमा सिधै उत्तरदातासँग प्रश्नगरी तयार गरिएको छ भने द्वितीय स्रोतमा विशेषतः प्रकाशित लेख रचना, पत्रपत्रिका, पुस्तक, एवम वेभसाइट मार्फत प्राप्त तथ्यांकलाई यस शीर्षकले चाहे अनुरुपको अध्ययन अनुसन्धान गरी प्रकाशित तथ्य, तथ्यांक, गतिविधि वा घटनाक्रमलाई समावेश गरिएको छ ।

### ३.६तथ्यांक विश्लेषण

अध्ययनका क्रममा लिइएका संख्यात्मक तथ्यांकलाई आवश्यकता अनुसार तालिकीकरण गरी प्रतिशत सहित उल्लेख गरिएको छ । प्रश्नावली मार्फत् संकलन भएको तथ्यांकलाई तलिकीकरण गरिएको छ । संकलित प्रश्नावलीलाई उद्देश्यअनुरुप शीर्षकमा विभाजन गरी तथ्यांकलाई विश्लेषण गरिएको छ । यस पश्चात आवश्यकता अनुरुप सवै शीर्षक तयार गरी त्यसबारे व्यख्या एवम विश्लेषण गरिएको छ । तथ्यांक विश्लेषण पश्चात तालिकामा आएको नतिजालाई व्याख्यात्मक रुपमा व्याख्या एवम विश्लेषण गरी निचोड निकालिएकोछ ।

### ३.७ अनुसन्धानको सीमा

समाज र देशको परवर्तन ल्याउन विद्रोह र आन्दोलनको सहारा लिनु पर्ने हुन्छ, अनिमात्र परिवर्तन आउँछ । आन्दोलन भन्ने वत्तिकै यसको क्षेत्र वृहत रहेको छ । यस अध्यनमा निम्न प्रकारको सीमितता रहने छ ।

क) यस अध्ययनले लिम्बुवान आन्दोलनको सवै वर्ग, धर्म, जातिको आन्दोलनको प्रतिनिधित्व गर्न सक्ने छैन ।

ख) विद्यार्थीले आफ्नो अध्ययनको विषयभित्र परेको एउटा विषयको मात्र अध्ययन गर्नु पर्ने भएको हुँदा, समय र आर्थिक सीमितताका कारणले गर्दा वृहत क्षेत्रलाई समेटेर अध्ययन प्रायः असम्भव हुनेछ ।

# अध्यायचार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ मोरङको इतिहास र परिचय

इतिहासका आरोह र अवरोहहरूमा मोरङले उत्तरमा महाभारत पवर्त श्रृङखला, पश्चिममा गण्डकी नदी, पुर्वमा टिस्टानदी र दक्षिणमा विहारको जलालगड, बहादुरगञ्च र मधुवनी सम्मको भू-भागलाई जनाउथ्यो । डज नागरिक भेन डेन ब्रुकको सत्रौं शताब्दीको नक्सामा विहारको उत्तर हिमालयदेखि आसामसम्म मोरङलाई देखाएको छ भने यसै गरी १८ औं शताब्दीको रेनेरको नक्सामा भारतको मुजफरपुरदेखि जलपाईगडी सम्मको नेपाल तराईको भूभागलाई देखाइएको छ (नेपाल स्टजिड एसोसियसन, १९७८) ।

भारतमा अंग्रेजको आगमनसँगै नेपाल युद्धको परिणाम स्वरुप जुन सुगौली सन्धी भयो, जसले मेचीपारि टिष्टासम्मका भू-भाग र हालको नेपाल-भारतको दशजग्गा सीमा दक्षिणको भू-भाग भारततर्फ गाभियो र केबल झापा, सुनसरी र मोरङ सहितको भू-भागलाई मोरङ नामले चिनिन थाल्यो । पूर्व राणाकाल २००७ साल पछिको संसदीय ब्यवस्थाको अन्तसम्म र पञ्चायतका सुरुका वर्षहरू वि.सं. २०१९ सम्म सुनसरी र मोरङ कै नामले चिनिथ्यो । २०१९ सालमा भएको प्रशानिक विभाजनले नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा बाँडिए पश्चात् हालको मोरङ जिल्लाको उदय भएको हो । मोरङको सीमाना पूर्वमा झापा र इलाम, उत्तरमा पाँचथर र धनकुटा, पश्चिममा सुनसरी जिल्ला र दक्षिणमा भारतको विहार राज्य पर्दछन् (अधिकारी,लामिछाने,पौडेल,फुयाल, २०५४) ।

## ४.२ मोरङक्षेत्रको अध्ययन

वि.स. २०६८ को जनगणना अनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ । जसमा पुरुषको संख्या १,२८,४९,०४१ (४८.५०%) र महिलाको संख्या १,३६,४५,४६३ (५१.५०%) रहेको छ । प्रशासकीय संरचना अनुसार नेपाललाई पाँच विकासक्षेत्र, चौध अञ्चल पचहत्तर जिल्लामा विभाजन गरिएको छ । एक महानगरपालिका, १२ उपमहानगरपलिका, २०४नगरपालिका, ३१५७ गाउँ विकास समिति यसका स्थानीय निकायका रूपमा रहेका छन् । जसमध्ये मोरङ एक उपमहानगरपालिका भएको शहर हो । यस

मध्ये पनि २०६८ को जनगणना अनुसार काठमाण्डौं पछिको ठूलो दोस्रो ९,६५,३७० जनसंख्या भएको जसमा जनघनत्व (प्र.व.कि.मी) ५२० भएको जिल्ला मानिन्छ ।

मोरङ नामकरण सम्बन्धमा शुरु-शुरुका अंग्रेजी लेखकहरूले मोरङलाई "Maurang" लेखेका छन् र यसैलाई आधार मानेर कतिपय लेखकहरूले मौरङ लेख्ने गरेको पाईन्छ । किम्बदन्ति अनुसार अत्यन्तै प्राचीन समयमा मोरहाङ भन्ने किरात राजाले सो क्षेत्रमा राज्य चलाएका थिए । उनको प्रशासन क्षेत्रलाई मावरङ भनिन्थ्यो र यही नाम पछि आएर अपभ्रंश भइ मोरङ भएको हो (दाहाल,२०६५ ) ।

मोरङ जिल्ला नेपालको पूर्वाञ्चल विकासक्षेत्र कोशी अञ्चल अर्न्तगत पर्ने विराटनगर सदरमुकाम भएको मूलतः एक तराई प्रधान पर्ने बेलबारी नगरपालिका हो । मोरङको सतहभित्र एक दृष्टि दिने हो भने तह नै तह परेर बसेको माटो, हिलो माटो, पहेंलो माटो, चिम्टयाइलोमाटो, बालुवा, खैरोमाटो, सिल्ट ढुङ्गा, कालोमाटो, ढुङ्गा, ग्राभेल मिसिएको बालुवा आदि पाईएको कुरा विभिन्न भौगर्भिक उत्खनन् र सर्भेले जनाएका छन् (पाठक, २०५४) ।मोरङको कुल क्षेत्रफल १८५५ वर्ग कि.मी. रहेको छ (अधिकारी,लामिछाने,पौडेल,फुयाल, २०५४) ।



**मोरङ**

**स्रोतः इनसाइकोपिडिया डट. कम**

## ४.३ मोरङ बेलबारीको परिचय

मोरङ बेलबारीको छाती माथि नगरपालिका शहर भएको छ। चारकोसे झाडी चिरेर इन्जिन र हर्नको ध्वानि उद्घोषका साथ हजारौं गाडीहरू हुनहुनाउँदै ओहोर दोहोर गर्दछन्। काला धुवाँका मुस्ला फ्याँक्ने केही फ्याँट्री,मिलहरू तथा उद्योगहरूमा आफ्नो कर्कस ध्वानिका साथ निर्माण कार्यमा जुटिरहेका छन्। खोला, नहर र बाझा चौरहरू आवाद गरिएका छन्। जङ्गलहरू फाँडिएका छन्। शिक्षा नै आजको आवश्यकता भन्ने मुल नाराका शिक्षाको ज्योति छर्नको निमित्त बिभिन्न सरकारी विद्यालय तथा नीजि विद्यालयहरूले आपनो क्षमताका साथ हजारौं बालकबालिकाहरू तथा युवा पुस्ताहरूलाई शिक्षित बनाउँदै नि.मा.वि, प्रा.वि, मा.वि र उच्च मा.वि को रुपमा शैक्षिक रुपमा पठनपाठनलाई अग्रगामी विचार तर्फ बढेको छ। मालपोत कार्यालय, नापीशाखा कार्यालय, इलाका प्रहरी कार्यालय, इलाका वन कार्यालय, नेपाल विद्युत प्राधिकरण कार्यालय र शाखा कृषि केन्द्र कार्यालय तथा सरकारी तथा नीजि बैंकहरू आदि सरकारी कार्यालयहरूले बेलबारी क्षेत्रको शिर ठाडो पार्ने काम गरेको छ। यस्तै बेलबारीको आर्थिक कारोबारको सौन्दर्यलाई थप सुगन्ध थप्ने काम बैंक तथा विभिन्न सहकारी संघसंस्थाहरूले महत्वपूर्ण भुमिका खेलेको छ।

## ४.४ मोरङ बेलबारी क्षेत्रफलको विवरण

बेलबारी नगरपालिकाको चार किल्लाहरूमा पूर्वमा डाँगिहाट र बाहुनी गाविस क्षेत्र,पश्चिममा कोशी हरैचा न.पा. र बनिगामा गाविस क्षेत्र, उत्तरमा केराबारी र लेटाङ गाविस क्षेत्र र दक्षिणमा मोतिपुर र बनिगामा गाविस क्षेत्रले ओगटेको छ (बे.न.पा., २०७१)। बेलबारी नगरपालिकाको कूल क्षेत्रफल ७३ वर्ग कि.मी. अर्न्तगत वन क्षेत्र २२ वर्ग कि.मी. र वन वाहेक ५१ रहेको छ जसमध्ये कालो पत्रे २५ कि.मी., बाटो ग्राभेल २५० कि.मी., पूर्व पश्चिम राजमार्ग ३ कि.मी र सबै वडाहरूमा बिद्युत पुगेको भौतिक पूर्वाधारको संरचना नै आजको नगरमुखबेलबारी हो (बे.न.पा,.२०७१)।

### ४.५. मोरङ बेलबारी क्षेत्रको जातजातिको बिवरण

नेपालको हालै गरिएको विभाजन अनुसार प्रदेश नं. १मा पर्ने बेलवारी क्षेत्रमा विभिन्न जातजातिको बसोवास रहेको पाइन्छ । यसो हुनुमा शिक्षा, स्वास्थ्य, रोजगारी र जीवन उनन्नयनका लागि आफ्नो थातथलोबाट सर्ने प्रक्रिया नै मुख्य रहेको छ । सोही अनुरुप बेलवारी क्षेत्रमा नेपालका पूर्वी जिल्ला जसमा खासगरी राई, लिम्बु, क्षेत्री र ब्राम्हणहरु रहेका छन् । उनीहरु बसाइ सराइको सिलसिलामा प्रायः गरी मोरङ जिल्लाको बेलवारी क्षेत्रमा सर्ने गरेकोले सो क्षेत्रमा विभिन्न जातजातिहरुको बसोवास रहेको पाइन्छ ।

**तालिका नं. १**

**२०६८ सालको जात जाति तथा लिङ्ग अनुसार जनसंख्या तथा घरपरिवार सम्बन्धी बेलबारी नगरपालिकाको विवरण**

| सिं नं. | जातजाति | घरपरिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | राई | ९८३ | २३९६ | २३६६ | ४७६२ |
| २ | क्षेत्री | ८९७ | २२७२ | २२०० | ४४७२ |
| ३ | ब्राह्मण | ६२९ | १६२५ | १५७४ | ३१९९ |
| ४ | लिम्बु | ३४५ | ८३६ | ८७५ | १७११ |
| ५ | धिमाल | ३०७ | ७१३ | ६८६ | १३९९ |
| ६ | गुरुङ | २८८ | ६९५ | ७३९ | १४३४ |
| ७ | तामाङ | २७० | ७०३ | ६०७ | १३१० |
| ८ | मगर | २०३ | ४५८ | ४८१ | ९३९ |
| ९ | कामी | १९९ | ५०९ | ५०८ | १०१७ |
| १० | नेवार | १८९ | ४७३ | ४४५ | ९१८ |
| ११ | दमाई | १६१ | ५१९ | ३९५ | ८१४ |
| १२ | थारु | ११३ | २५७ | २५२ | ५०९ |
| १३ | खवास | ९८ | २०३ | १८४ | ३८७ |
| १४ | सार्की | ८५ | २०३ | २१९ | ४२२ |
| १५ | सन्यासी | ८५ | १९६ | २१५ | ४११ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | भुजेल | ५१ | ११८ | १२६ | २४४ |
| १७ | माझी | ३२ | ६१ | ५६ | ११७ |
| १८ | झागर/ डागर | २८ | ७४ | ६९ | १४३ |
| १९ | दनुवार | २० | ५२ | ५६ | १०८ |
| २० | तेली | १९ | ४३ | ५३ | ९६ |
| २१ | मुस्लिम | १८ | ४२ | ४५ | ८७ |
| २२ | मुसहर | १८ | ३६ | ४० | ७६ |
| २३ | सुनुवार | १५ | ४१ | ३८ | ७९ |
| २४ | बनिया | १४ | ४२ | ३२ | ७४ |
| २५ | शेर्पा | ११ | २९ | ३४ | ६३ |
| २६ | कौरी | ८ | २२ | २१ | ४३ |
| २७ | हलुवाई | ८ | २८ | २४ | ५२ |
| २८ | कल्वार | ७ | १८ | १२ | ३० |
| २९ | बाँतर | ७ | १५ | १४ | २९ |
| ३० | हजाम ठाकुर | ६ | १९ | १८ | ३७ |
| ३१ | इादव | ५ | ११ | ९ | २० |
| ३२ | बंगाली | ५ | १० | ५ | १५ |
| ३३ | राजवंशी | ४ | १० | १३ | २३ |
| ३४ | कुर्मी | ४ | १३ | ८ | २१ |
| ३५ | डोम | ३ | ८ | ४ | १२ |
| ३६ | मारवाडी | ३ | ७ | ४ | ११ |
| ३७ | धानुक | २ | ५ | ५ | १० |
| ३८ | पहारी | २ | ५ | ७ | १२ |
| ३९ | दुसाध पासवान | २ | ५ | ३ | ८ |
| ४० | ठकुरी | २ | ३ | ३ | ६ |
| ४१ | कुमाल | १ | ४ | १ | ५ |
| ४२ | याक्खा | १ | ३ | ४ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | जिरेल | १ | २ | १ | ३ |
| ४४ | मल्लाहा | १ | ३ | २ | ५ |
| ४५ | लोहार | १ | ३ | २ | ५ |
| ४६ | कुम्हार | १ | १ | २ | ३ |
| ४७ | ब्रह्मण तराई | १ | १ | २ | ३ |
| ४८ | कायस्थ | १ | १ | ३ | ४ |
| ४९ | उल्लेख नभएका | १६ | ३१ | २९ | ६० |
| | जम्मा | ५१७० | १२७२४ | १२४९१ | २५२१५ |

**स्रोतः बेलबारी नगरपालिका, २०७१**

२०५८ सालको जनगणना अनुसार जातजातिको संख्यात्मक विवरण बेलबारी नगरपालिकामा बनाएको जनगणनालाई हेर्ने हो भने बढी हुदै क्रमशः थोरैमा राई, क्षेत्री, ब्राह्मण पहाड, लिम्बु, धिमाल, गुरुङ, तामाङ, मगर,कामी, नेवार, दमाई, थारु, खवास, सार्की, सन्यसी, भूजेल, माझी, झगर,दनुवार, तेली गरी क्रमश उल्लेख नभएका गरी ४९ जातजातिको समिषण भएको फूलबारी बेलबारी हो (स्थलगत सर्वेक्षण बे.न.पा.२०७१) । मेरो अध्ययन क्षेत्रमा विशेष गरी राई, लिम्वु, तामाङ, धिमाल, गुरुङ्ग, मगर, क्षेत्री, ब्राम्हण आदि जातजाति बसोबास गरेको पाइयो ।

### ४.६ मोरङ बेलबारी क्षेत्रको जनसंख्याको बिवरण

२०६८ सालको जनगणनाअनुसार मोरङ जिल्लाको जम्मा जनसंख्या ९,६५,३७०रहेको छ । यस्तै बेलबारीको जनसंख्या २०५८ सालको जनगणनालाई हेर्दा १० वर्षको अबधिमा २८४२ ले जनसंख्या वृद्धि भएको पाइयो । जसमा पुरुष १२,८५९ र महिला १५,१९८ गरी जम्मा २८,०५७ जनसंख्याले भरिएको नगरपालिका शहरको परिदृश्य हो वर्तमान बेलबारी।२०६८ सालको जनगणना अनुसार लिम्बु जात/जातिको १७११ जम्मा जनसंख्या मध्ये पूरुष ८३६ र महिला ८७५ रहेको छ (राष्ट्रिय जनगणना आयोग, २०६८) ।

# अध्याय पाँच

## लिम्बु आन्दोलनका कारणहरु

यस  अध्ययनमा मेरो अध्ययन क्षेत्रसँग सम्बन्धित जति पनि सङ्कलित तथ्याङ्कहरु छन् मेरो अध्ययनको उद्देश्यले मागेका सबै विषय वस्तुलाई प्रश्नावली मार्फत् अएका सम्पूर्ण प्राथमिक तथ्याङ्क सङ्कलनको व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ । यसमा पहिलो उद्देश्यका रुपमा कारण पत्ता लगाउने प्रयास गरिएको छ । त्यस्तै प्रश्नावलीमार्फत लिम्वू जातिको आर्थिक सामाजिक अवस्थालाई तुनलात्मक रुपमा अध्ययन गरिएको छ। त्यसपश्चात तथ्यांककै आधारमा विश्लेषण एवम् व्याख्या गर्दा उनीहरुको पहिचान र अधिकार पहिले के कस्तो थियो र हाल कस्तो अवस्थामा छ भन्ने बारे प्राथमिक तथ्याङ्क सङ्कलन कै आधारमा व्याख्या गरिएको छ । समग्रमा भन्नु पर्दा यस अध्यायमा सम्पूर्णताको अध्ययन विश्लेषण गरिएको छ ।

### ५.१ लिम्बुवान आन्दोलनको जानकारी

नेपालको लिम्बुवान आन्दोलन अधिकार पहिचान र आत्मनिर्णयका लागि गरिएको छ। सो बारे तपाइँहरुलाई कत्तिको अवगत छ । पूर्ण रुपमा तपाइँहरु बुझेर आन्दोलित हुनुहुन्छ कि कसैको बहकाइमा लाग्नु भएको छ भन्ने प्रश्नोत्तरमा उनीहरुले साँच्चै नै हामी बुझेर अन्यायमा परेर पिडित भएका कारण नै जानकार रहेको बताए । सो कुराबारे जानकारको संख्या अत्याधिक भएको पाइयो । यसलाई तलको तालिकाले पुष्टि गर्दछ ।

**तालिका नम्बंर २**

**लिम्बुवान आन्दोलन को जानकारी**

| उत्तर | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| थाहा छ | ११५ | ८२.१४ |
| थाहा छैन | २५ | १७.८६ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. २ मा आन्दोलन बारे थाह छ, छैन भनि गरिएको प्रश्नको उत्तरमा माथिको तालिका अनुसार ११५ जना (८२.१४)% ले ५ र २५ जना (१७.८६%) ले छैन भन्ने उत्तर दिएको पाइयो । केही अन्य जाति र राजनीतिबाट दिक्क भएका व्यक्ति भएको कारणले होला उनीहरुको आसय पनि यस्तै पाइयो । केहीले लिम्बु आन्दोलन थाहा छैन भने । मेरो बुझाइमा थाहा नभएको होइन आन्दोलन शब्दबाट अघाएको जस्तो अनुभव भयो भने अन्य सबैले आफूलाई राम्रो जानकारी भएको बताए । कतिपय नपढेका उत्तर दिन नसक्ने भएकाले होला । मैले स्थलगत अध्ययनमा महसुस गरेकि छु ।

## ५.२ आन्दोलनका कारण

तपाइँहरु के-कति कारणले यो आन्दोलनमा सहभागि हुनुभयो भन्ने प्रश्नोत्तरमा एवम सर्वेक्षणमा उनीहरुको उत्तरमा बढी मात्रले अन्य जात जातिको थिचोमिचोबाट मुक्तिको लागि भने । अन्य केहिले आफ्नो आत्मनिर्णयको अधिकार प्राप्तिका लागि भन्ने उत्तर समेत दिए । यसलाई तलको तालिकाले प्रष्ट्याएको छ ।

**तालिका नम्बंर ३**

**आन्दोलनका कारण**

| **कारण** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| अन्य जात-जातिको थिचोमिचोबाट मुक्तिको लागि | ७५ | ५३.५६ |
| आत्म निर्णयको अधिकारको लागि | ६५ | ४६.४३ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।**

माथिको तालिका नं. ३ मा के कारणले यो आन्दोलन भयो भन्ने प्रश्नको उत्तरमा अन्य जात जातिको थिचो मिचो भयो भन्नेमा ७५ जना (५३.५७%) र आत्म निर्णयको अधिकार लिनमा ६५ जना (४६.४३%) पाइयो । यो आन्दोलन कहिलेबाट शुरु भयो भन्ने प्रश्नको १८३१ बाटमा ५ जना, २००७ बाटमा १५ जना, २०४६ बाटमा १० जना, २०६३ बाटमा २० जना र अधिकांश २०२१ बाटमा ९० जनाको उत्तर पाइयो ।

यो आन्दोलन किन गरियो भन्ने प्रश्नको उत्तरमा गुमेको अधिकार लिनका लागिका ५३.५७% पाइयो । विकाश कार्यका लागि भन्नेमा ३५.७१% पाइयो । कसका लागि फाईदाका लागि यो आन्दोलन भयो भन्ने उत्तरमा सम्पूर्ण यसै ठाउँमा बस्नेमा मानिसहरुको लागि भन्ने उत्तरमा ९५% उत्तर पाइयो । ५ % ले भने आफ्नै जातिको उत्थानको लागि भन्ने उत्तर आयो ।

कहिलेदेखि र के कारणले यो आन्दोलन भइरहेको छ भन्ने अध्ययनमा आफ्नो अधिकार स्थापना र अन्य जात जातिको थिचोमिचोको कारणले भन्ने पाइयो । मेरो अवलोकनले पनि उनीहरुको आन्दोलनको मुद्दा रहेको र आधुनिक रुपान्तरणले होला यो प्रकारको नतिजा पाइयो ।

## ५.३ आन्दोलन के का लागी

तपाइँको विचारमा यो आन्दोलन के का लागि गरिएको हो त ? भन्ने प्रश्नोत्तरमा अधिकांशले आफ्नो स्थानीय समाजलाई परिवर्तन गरी विकासका कार्य अघि बढाउने बारे बताए । उनीहरुको आसय पनि आफ्नो स्थानियताको विकासका लागि नै भएको सर्वेक्षणबाट पनि अवगत भएको पाइयो । वास्तविक उत्तरमा पनि सो कुरा पुष्टि भएको छ । यसलाई अझ प्रष्ट पार्नका लागि तलको तालिकामा उनीहरुको विचारलाई तालिकीकरण गरिएको छ ।

**तालिका नम्बंर ४**

**के का लागी आन्दोलन भयो ?**

| **उत्तर** | **उत्तरदाता को संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफ्नो विकास | ५ | ३.५७ |
| समाज परिवर्तन | १२५ | ८९.२९ |
| अन्य | १० | ७.१४ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. ४ मा के को लागि आन्दोलन भन्ने प्रश्नको उत्तरमा आफ्नो विकासमा ३.५७%, समाज परिवर्तन मा ८९.२९% र अन्य भाषा संस्कृति समाज अवसर आदिमा ७.१४ % उत्तर पाइयो । आन्दोलनको श्रोत के हो भन्ने प्रश्नको उत्तरमा आफै पैसा उठाएर ८५.७१% रह्यो । १०.७२ को मार्फत भन्ने आयो भन्ने ३.५७% बाहिरी सहयोग मार्फत भन्ने आयो । समाज नबुझेका र लेखपढ  नभएका कारणले यो फरक देखिएको छ ।

## ५.४ मोरङ क्षेत्रको उत्तरदाताको लिङ्गअनुसारको विवरण

लैंगिक  आधार वा महिला र पुरुषको अनुपातलाई यस अध्ययनमा विश्लेषण गर्दा जम्मा १४० वटा प्रश्नावली मार्फत् आएको नतिजा अनुसार यसरी तालिकीकरण गरी हेर्दा आएको नतिजा यस प्रकार पाइएको छ ।

**तालिका नम्बंर ५**

**उत्तरदाताको लिङ्ग समूह**

| **लिङ्ग** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| पुरुष | ८५ | ६०.६२ |
| महिला | ५५ | ३९.२९ |
| जम्मा | १४० | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

यस अध्ययनको लागि जम्मा १४० उत्तरदातासँग मिलेको नतिजा अनुसार पुरुष ८५ जना( ६०.६२%) र महिला ५५ जना (३९.३८%) रहेको छ । यसमा मैले लिएको स्थलगत अध्ययनमा पुरुष अलिक अन्तरवार्ता दिन अग्रसर र लेख पढ बढी भएकाले साथै अभिभावकत्वको भूमिका पनि निर्वाह गरेकाले होला । घरमा महिला र पुरुष दुवै भेटिए पनि पुरुषबाटै उत्तर आएकाले यो प्रतिशतको संख्या बढी पाइयो ।

## ५.५ उत्तरदाताको मुख्य व्यवसाय

प्राथमिक तथ्यांक संकलनका आधारमा उत्तरदातासँग गरिएको प्रश्नावलीका आधारमा मुख्य व्यवसायलाई हेर्दा यस्तो पाइएको छ । जस आधारमा हामी यस जातिको आर्थिक, सामाजिक अवस्थालाई केलाउन सक्छौ । जसलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नम्बंर ६**

**उत्तरदाताको मुख्य व्यवसाय**

| **व्यवसाय** | **उत्तरदातको संख्या** | **प्रतिशत** |
|---|---|---|
| कृषि | ६० | ५०.०० |
| व्यापार | २० | १४.२८ |
| जागिर | २५ | १६.८६ |
| समाजसेवा वा राजनीति | १५ | १०.६२ |
| अन्य | १० | ७.१४ |
| जम्मा | १४० | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथि उल्लेखित तालिका नं. ६ बाट प्रष्ट के हुन्छ भने जम्मा १४० उत्तरदातासँग लिइएको अन्तरावर्ताका आधारमा कृषि व्यवसाय गर्ने ७० जना (५०%) कृषि व्यापारमा २० जना (१४.२५%) जागिर २५ जना (१६.८६%) र अन्य विद्यार्थी १० जना (७.१४) रहेको छ । यसरी विभिन्न पेशा, व्यवसायमा संलग्न भएका समुदायलाई हेर्दा के स्पष्ट भयो भने उनीहरु पहाडी क्षेत्रबाट तराई बसाइ सराइ भएकाले र उब्जाउ क्षेत्र छनोट गरेको हुँदा अधिकांशले कृषि व्यवसाय अँगालेको पाइयो । अझ सुरुमा त सय प्रतिशत कृषि थियो भन्ने भनाइ पाइयो । विस्तारै पुस्ता परिवर्तन हुँदै जाँदा यो व्यवसाय पनि परिवर्तन भएको भन्ने स्थलगत अध्ययनले पुष्टि गरेको छ । हुन सक्छ समय परिवर्तन र विकास अनुरुप अन्य जातजातिले गरेको उन्नति र प्रगतिको देखासिकिबाट पनि यो भएको भन्ने आसय उनीहरुको रहेको थियो । आर्थिक, सामाजिक संरचना भित्र बसेका कारणले होला यो फरक शीर्षकको अवस्थामा तथयांक देखिएको हो ।

## ५.६ शैक्षिक अवस्था

यस समुदायका लागि तयार पारिएको प्रश्नावलीमा शैक्षिक आधारलाई पनि केलाउने प्रयास गरिएको थियो । जसलाई व्याख्या गर्नका लागि तयार पारिएको तथ्यांकलाई तलको तालिकामा यसरी प्रष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका नम्बंर ७**

**शैक्षिक अवस्था**

| तह | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ५ | ३.५७ |
| प्रा.वि. | १० | ७.१४ |
| नि.मा.वि. | ५ | ३.५७ |
| मा.वि. | १५ | १०.७२ |
| उ.मा.वि. | १० | ७.१४ |
| क्याम्पस | ९५ | ८६.८६ |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. ७मा शैक्षिक अवस्थालाई हेर्दा जम्मा १४० जनामा गरिएको अध्ययनले ५ जना अशिक्षित (३.५७%) प्रा.वि. तहमा १० जना (७.१४%) नि.मा.वि. तह ५ जना (३.५७%) मा.वि. १५ जना (१०.६२%) मा.वि १०जना (७.१४%) र क्याम्पस ९५ जना (८६.८६%) पाइयो ।

यिनीहरुको समुदाय भनेको आँटी साहसी र बहादुरी भनेर चिनिने भएकाले ऐतिहासिक रुपमा पनि देशलाई सहयोग गरी पुरस्कारको रुपमा प्राप्त गरेको जमिन किपट हो भन्ने पाइन्छ । त्यस कारण पहिलेका पुस्ता प्राय सबै नपढेका थिए । उनीहरु प्राय सवै भारी बोक्ने अन्य समुदायको काम गर्ने सहयोगका रुपमा थिए । विस्तारै वेलायतले भर्तिकेन्द्र खोल्यो । त्यसपश्चात उनीहरु विदेश गए । त्यहाँ पनि उनीहरुले नपढीकन हुँदैन भन्ने सिके साथै नेपालमा पनि अन्य समुदायले लेखपढ गरेको देखेर उनीहरुले पनि आफ्ना सन्तानलाई

शिक्षित बनाउन लागे । फलस्वरुप हाल गरिएको अध्ययनयले अधिकांश मात्रामा क्याम्पस पढेकाको संख्या पाइयो । यसले शैक्षिक स्थिति राम्रो भएको जनाउँछ ।

## ५.७ वैवाहिक अवस्था

सामाजिक साँस्कृतिक अवस्थालाई केलाउनका लागि गरिएको अध्ययनमा वैवाहिक अवस्थालाई पनि महत्वका साथ हेरिएको थियो । जसमा अधिकांश अविवाहित पाइयो । हाम्रो अध्ययनको संयोग पनि हुन सक्छ । तर जे भए पनि आएको उत्तरलाई मैले तालिकाद्वारा प्रष्ट्याउन खोजेकी छु । जुन कुरा तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नम्बंर ८**

**वैवाहिक अवस्था**

| **वैवाहिक अवस्था** | **उत्तरदातको संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | ७५ | ५३.५७ |
| अविवाहित | ६० | ४२.८६ |
| अन्तरजातिय विवाह | ५ | ३.५७ |
| जम्मा | १४० | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. ८ मा वैवाहिक अवस्थाको तालिकीकरणलाई हेर्दा सबैभन्दा बढि ७५ जना (५३.५७%) अविवाहित ६० जना (४२.८६%) अविवाहित र अन्तरजातिय विवाहित ५ जना (३.५७%) रहेको पाइयो । आजको एक्काइसौ सताब्दीको परिवर्तनले होला । कतिपय घरमा महिला अभिभावक हुँदा हुँदै पनि पढलेखेको छोराछोरी भएकाले प्रश्नोत्तरमा अविवाहितले भाग लिएकाले यो तथ्यांक आएको हो । त्यस कारण झण्डै विवाहितकै हाराहारीमा देखिएको हो । अहिलेको राजनीतिक चेतनाले होला केही थोरै भए पनि अन्तरजातिय विवाह पनि पाइयो । यसले सामाजिक संरचना अनुसारको अवस्थालाई बुझाउँछ ।

### ५.८ आयको अवस्था

आयको अवस्था कस्तो छ ? वार्षिक खान पुग्ने अवस्था छ कि छैन ?भनेर स्थलगत अवलोकन र प्रश्नावली मार्फत् सोधिएको उत्तरमा अधिकांशको कमाइले खान पुग्ने बारे बताए । सोबाट के प्रष्ट हुन्छ भने उनीहरुको आर्थिक अवस्था सवल नै रहेछ । जसलाई प्रष्ट गर्नका लागि यो तलको तालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । कतिपयलाई अभिभावकले के कसरी व्यवस्थापन गर्ने गर्नु भएको छ । सो बारेमा अनभिज्ञ रहेको समेत बताए ।

**तालिका नम्बंर ९**

**आयको अवस्था**

| **आयले प्रतिवर्ष** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| खर्च पुग्छ | १३० | ९२.८६ |
| खर्च पुग्दैन | ५ | ३.५६ |
| थाहा छैन | ५ | ३.५६ |
| जम्मा | १४० | १४० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

तालिका नं. ९ लाई हेर्दा  आफ्नो आयले वार्षिक रुपमा खाना पुग्छ भन्ने कुरामा जम्मा १४० जनामा गरिएको अध्ययनमा १३० जना (९२.८६%) ले पुग्छ भने ५ जना (३.५६%) ले पुग्दैन र ५ जना (३.५७%) ले थाहा छैन भन्ने आयो ।

अधिकांश पहाडबाट खान नपुगेर उब्जाउ जमिनको खोजिमा निस्किएकाले होला कृषि व्यवसायबाटै खान पुग्ने उब्जाऊ हुनेभएकाले होला प्रायः सबैले खान पुग्ने बताए । तराईमा व्यापारिक केन्द्र पनि भएकाले होला थोरै जमिनमा पनि उनीहरुले धेरै मिश्रित बालि उत्पादन गर्ने भएकाले यो पुरा भएको हो भन्ने पाइयो ।

## ५.९ उत्तरदाताको घरको प्रकार

सामान्यतः रहन सहन खासको अवस्थालाई स्थलगत अध्ययनका आधारमा विश्लेषण गर्दा बासस्थानको अवस्था यस प्रकार पाइयो । जसलाई हेर्दा अधिकांश मात्रामा माटो, ढुङ्गा र टिन वा कच्ची प्रकारको पाइयो । जसलाई तलको तालिकाले प्रष्ट पारिएको छ ।

**तालिका नम्बंर १०**

**उत्तरदाताको घरको प्रकार**

| **घरको प्रकार** | **उत्तरदातको संख्या** | **प्रतिशत** |
|---|---|---|
| माटोको जोडाई प्लास्टिक | १० | ७.१४ |
| कच्ची खर/पराल | ५ | ३.५७ |
| माटो, टिनको छानो | ५५ | ३९.२९ |
| इँटा, सिमेन्ट | ४२ | ३२.१४ |
| सिमेन्ट रड | २५ | १७.८६ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. १० मा बसोवासको अवस्थालाई हेर्दा माटोको जोडाई प्लास्टिक छाना रहेका १० जना (७.१४)कच्ची खर/पराल ५ जना (३.५७%) माटो टिन २५ जना (३९.२९ %) इटा सिमेन्ट ४५ जना (३२.१४०) सिमेन्ट रड २५ जना (१७.८६%) पाइयो ।

स्थानीय स्रोत र साधनको परिचालन गर्न सजिलो र सस्तो पर्ने भएकाले धेरैले कच्ची माटोको जोडाइ र टिनबाट घर निर्माण गरेको भन्ने पाइयो । विस्तारै आय स्रोत बढ्दै जाँदा र सरकारी नीति परिवर्तन एवम् दैविक प्रकोपको कारणले अहिले विस्तारै परिवर्तन हुँदै आएको भन्ने पाइयो ।

## ५.१०मासिक आय

आर्थिक सामाजिक अवस्थालाई केलाउने क्रममा मैले मासिक आयलाई पनि एउटा आधार बनाएकी थिएँ । जसका आधारमा गरिएको अध्ययनमा वीस हजारभन्दा माथिको आय स्रोतको पारिवारिक अवस्था बढी पाइयो । यसबाट पनि प्रष्ट हुन्छ कि आर्थिक सवल पारिवारिक अवस्था रहेछ । जसलाई तलको तालिकाले प्रष्ट हुन्छ । त्यसलाई प्रष्ट्याउनको लागि तलको तालिकामा तालिकीकरण गरिएको छ ।

**तालिका नम्बंर ११**

**मासिक आय**

| मासिक आय | उत्तरदातको संख्या | प्रतिशत |
|---|---|---|
| ०-५००० | १५ | १०.७२ |
| ५०००-१०००० | १० | ७.१४ |
| १००००-२०००० | ४० | २८.५७ |
| २०००० माथि | ७५ | ५३.५७ |
| जम्मा | १४० | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. ११ ले यस मासिक आयलाई यसरी प्रष्ट्याएको छ । जसमा मैले १४० उत्तरदातासँग गरेको प्राथमिक श्रोत संकलन आधारमा १५ जनाको मासिक आय ५००० भन्दा कम १० जनाको ५-१० हजार बीच, ४० जनको १०-२० हजार  र २० भन्दा माथि आय भएको संख्या ७५ जना पाइयो ।

यस तथ्यांकको विश्लेषणलाई हेर्दा र मैले स्थलगत अध्ययन गर्दा आजको एक्काइसौं सताब्दीमा आएको परिवर्तन र आधुनिकतालाई समाउने क्रममा परिवारका सबैले आफ्नो खर्च आफै पुऱ्याउने उद्देश्यमा वैकल्पिक व्यवस्था, व्यापार गर्ने गरेको पाइयो । सो कारणले होला वीस हजारभन्दा माथिको आय गर्नेको संख्या बढी पाइयो ।

## ५.११सामाजिक विकाश बारेको जानकारी

अवसामाजिक अवस्थालाई केलाउने क्रममा मैले तयार पारेको प्रश्नको आधारमा आएको नतिजा अनुसार प्राय: सबै पारिवारिक समुहमा चेतना पुगेको सामाजिक बारेमा अवगत रहेको पाइयो । सामाजिक विकासबारे जानकार समुदाय पाइयो, जसलाई तलको तालिकामा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका नम्बंर १२**

**सामाजिक विकाश बारेको जानकारी**

| सामाजिक विकाशबारे | उत्तरदातको संख्या | प्रतिशत |
|---|---|---|
| थाहा छ | १३० | ९२.८६ |
| थाहा छैन | १० | ७.१४ |
| जम्मा | | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

तालिका नं. १२ का अनुसार जम्मा १४० उत्तरदातासँग गरिएको अध्ययनबाट १३० जना (९२.८६%) लाई सामाजिक विकास बोर जानकारी रहको पाइयो । बाँकी १०जना (७.१४ %) लाई जानकारी नभएको पाइयो ।

विभिन्न सामाजिक संस्था वा गैर सरकारी संस्था कार्यरत भएको कारण र राजनीतिक चेनताको कारण होला प्राय सबैलाई सामाजिक विकासबारे गरिएको प्रश्नोत्तरमा पूर्वाधार विकास र चेतनामूलक विकास नै हो भन्ने जानकारी रहेछ । हाल गा.वि.स. मा आउने राष्ट्रिय बजेटले पनि यस कार्यमा काम गरेको समेतले होला लगभग सबैलाई यस बारे सचेतना भएको पाइयो ।

## ५.१२ सामाजिक विकाशको आधार

सामाजिक विकास बारेको प्रश्नोत्तरमा आधार केलाई मान्नु हुन्छ भन्ने प्रश्नमा बढी मात्रामा शिक्षा क्रमशः बाटोघाटो, खानेपानी स्वास्थ्य, विजुली र रोजगार भन्ने पाइयो । योपनि

सामाजिक सचेतना कस्तो रहेछ भन्ने आधारमा हेरिएको थियो । कसले केलाई प्राथमिकतामा राखेको रहेछ भन्ने कुरालाई तलको तालिकामा प्रष्ट्याउने प्रयास गरिएको छ ।

**तालिका नम्बंर १३**

**सामाजिक विकाशको आधार तपाईले केलाई भन्न रुचाउनु हुन्छ ?**

| आधार | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| बाटो घाटो निर्माण | ११० | ७८.५७ |
| शिक्षा | ११५ | ८२.१४ |
| स्वास्थ्य | ८० | ५७.१४ |
| खानेपाानी | ९५ | ६७.८६ |
| बिजुली | २५ | १७.८६ |
| रोजगार | १५ | १०.७१ |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. १३ मा १४० जम्मा उत्तरदाता बीचको नतिजा हेर्दा सामाजिक विकासमा लगानीकर्ताको अवस्था यस प्रकार पाइयो । १०० जना बाटोघाटो निर्माणमा, ११५ जना (८२.१४%) शिक्षा ५० जना (५७.१४) स्वास्थ्य ९५ जना (६७.८६%), खानेपानी, २५ जना (१७.८६%) बिजुली १५ जना (१०.७१) % रोजगारीमा संलग्न पाइयो ।

मैले गरेको स्थलगत अध्ययन अनुसन्धानमा सामाजिक विकासका आधारहरु के हुन् भन्ने रहेकाले उत्तरदाताले आफ्नो महत्वका विषयलाई प्राथमिकता दिएका कारणले यो तरिकाको नतिजा प्राप्त भएको हो ।

## ५.१३ पारिवारिक भौतिक सुविधा

भौतिक सुविधा के कस्तो रहेछन भन्ने बारे गरिएको प्रश्नोत्तरमा प्रायः सवैले आधारभूत आवश्यकताका वस्तुलाई पूरा गरेको अध्ययनले प्राप्त गरेको छ । कतै विलासिताका वस्तु प्रयोगको अवस्था न्यून पाइयो । यसबाट पनि प्रष्ट हुन्छ कि त्यस ठाउँका समुदायको

भौतिक सामाग्री, सुविधा प्रयोगको अवस्था सवल रहेको पाइयो । । यसलाई अझ प्रष्ट्याउन तलको तालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**तालिका नम्बंर १४**

**पारिवारिक भौतिक सुविधा**

| **सुविधा के के छ** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| रेडियो | १०० | ७१.४३ |
| टि.भी. | १२५ | ८९.२९ |
| साइकल | ५५ | ३९.२९ |
| मोटरसाइकल | ८० | ५७.१४ |
| बिजुली | ११५ | ८२.१४ |
| बायोग्यास | ५ | ३.५७ |
| गाडि | १५ | १०.७१ |
| सोलार | ४५ | ३२.१४ |
| अन्य | ०० | ३२.१४ |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. १४ मा जम्मा १४० उत्तरदातासँग पाएको उत्तरको अधारमा १०० जना सँग रेडियो (७१.४३ %) १२५ जनासँग टि.भी. (८९.२९%), ५५ जना (३९.२९%) सँग साइकल ८० जना (५७.१४) सँग मोटरसाइकल, ११५ जना (८२.१४%) र ४५ जना (३२.१४%) सँग सोलार रहेको पाइयो । यस तालिकामा सबै वस्तुलाई १००% मा राखेर हेरिएको छ । बाँकी रहेको प्रतिशतमा नै नभएको वा अभावको संकेत गरेको पाइन्छ ।

यसमा मैले स्तर पत्तालगाउने उद्देश्यले तथ्यांक लिएँ । तर कतिपयको अन्य विषयलाई छोडेर आफ्नो इच्छा अनुसार भौतिक सुविधालाई प्राथमिकता दिएको कारणले होला सोचेभन्दा केही फरक नतिजा पाइयो । तर पनि त्यस्तो सोचेभन्दा फरक नतिजा भने पाइएन, सान्दर्भिक नै छ ।

## ५.१४भाषा र संस्कृतिको जानकारी

आफ्नो भाषा र संस्कृतिबारे प्रश्नोत्तरको सर्वेक्षणमा पनि प्रायः सबैलाई जानकारी भएको पाइयो । उनीहरु आफ्नो पहिचानको लागि वि.सं. १८३१ देखि लड्दै आएकाले पनि होला । यसमा अधिकांश उत्तरदाताले आफ्नो धारणा सहितको विचार अवगत बारे जानकारी गराइएका थिए । जसलाई तलको तालिकामा प्रष्ट्याउन खोजिएको छ ।

**तालिका नम्बंर १५**

**भाषा र संस्कृतिको जानकारी**

| **भाषा/संस्कृति** | **उत्तरदातको संख्या** | **प्रतिशत** |
|---|---|---|
| थाहा छ | १३० | ९२.८६ |
| थाहा छैन | १० | ७.१४ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

यस तालिका नं. १५ ले के प्रष्ट गर्छ भने जम्मा १४० जनामा अध्ययन गर्दा जम्मा १३० जनालाई आफ्नो भाषा र संस्कृति बारे जानकारी रहेको र बाँकी १० जना (७.१४%) लाई आफ्नो भाषा र संस्कृति थाहा नभएको पाइयो ।

समयको परिवर्तन राजनीतिक चेतना, सरकारी तथा गैर सरकारी संस्थाको समेत चेतनामूलक कार्यक्रमले होला । अधिकांशलाई आफ्नो भाषा र संस्कृति बारे जानकारी भएको पाइयो । अर्को आधारमा उनीहरु आफै यसै विषयलाई लिएर आन्दोलित भएका कारणले पनि होला यो नतिजा प्राप्त भयो । भाषा, संस्कृति पालना नभएको र बाहिरी सहयोगमा सवै कार्य संचालन गर्ने भएकाले यो फरक देखिएको हो ।

## ५.१५ भाषा र संस्कृतिको आवश्यकता

भाषा र संस्कृति किन चाहियो त भन्ने प्रश्नको उत्तरमा अधिकांशको उत्तर राष्ट्रभाषा र संस्कृति देशको सम्पदा भएकाले सो सम्पदाले राष्ट्रको छवि समेत उच्च रहने भएकाले सो बचाउनु कर्तव्य राज्य र समुदाय दुवैको भएकोले हाम्रो पनि जोड र आन्दोलन यसमा रहेको बारे प्रष्ट्याए । जसलाई तलको तालिमा तालिकीकरण गरिएको छ ।

**तालिका नम्बंर १६**

**भाषा र संस्कृतिको आवश्यकता किन?**

| किन ? | उत्तरदातको सँख्या | प्रतिशत |
|---|---|---|
| राष्ट्रिय सम्पदा बचाउन | ८५ | ६०.७२ |
| जन्म मृत्युको परम्परा धान्न | १० | ७.१४ |
| संस्कृति बचाउन | ४५ | ३२.१४ |
| जम्मा | १४० | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

यस तालिका नं. १६ का अनुसार हेर्दा १४० जना उत्तरदाता मध्ये ८५ जना (६०.७२)% ले राष्ट्रिय सम्पदा बचाउन आवश्यक भएको भने, त्यस्तै १० जना (७.१४%) ले जन्म मृत्युको परम्परागत संस्कार धान्न भने ४५ जना (३२.१४%) ले आफ्नो संस्कार बचाउन भन्ने उत्तर दिएकाले यस तालिकामा सो प्रष्टयाइएको छ ।

यो किन आवश्यक छ भन्ने बारे गरिएको अध्ययनमा उनीहरुको उत्तरमा हालको राष्ट्रिय सम्पदा र संस्कृति बचाउने कुरा उठाएकोले पनि होला । त्यस पश्चात् उनीहरुले आफ्नो परम्परा र संस्कृतिलाई जोगाउने बारे बताए । यो पनि उनीहरुको आफ्नो आन्दोलनकै मुद्दा भएकाले होला यस प्रकारको नतिजा पाइयो ।

यसरी तालिका मार्फत लिङ्ग व्यवसाय शैक्षिक अवस्था, वैवाहिक स्थिति, प्रतिव्यक्ति आय वार्षिक खाद्यान्न, सामाजिक विकास एवं भाषा संस्कार बारे पनि माथि उल्लेख तालिकाका आधारमा अध्यय गरी हेर्दा सम्पूर्णताको परिवर्तन एवं आर्थिक सामाजिक अवस्था सबैले

रहेको पाइन्छ । सामाजिक संस्कृति एवं आर्थिक विकास र भौतिक वस्तुको प्रयोग बसोबासको अवस्था पनि समग्रमा आन्दोलन पश्चातको पनि सवल एवं प्रभावकारी पाइन्छ ।

## ५.१६ अधिकार र पहिचान को बारेमा जानकारी

अधिकार र पहिचानको बारेमा गरिएको प्रश्नोत्तरमा उनीहरुले आफ्नो धारणा सहित आफ्नो आन्दोलनको आधार पनि यसैमा रहेको बताए । आफ्नो आन्दोलनको मुख्य विषय भएकाले अधिकांशले जानकार रहेको बताए । जसलाई तलको तालिकामा प्रष्ट्याउन खोजिएको छ ।

**तालिका नम्बंर १७**

**अधिकार र पहिचान को बारेमा जानकारी**

| **अधिकार पहिचान** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| थाहा छ | १३० | ९२.८६ |
| थाहा छैन | १० | ७.१४ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. १७मा अधिकार पहिचानबारे गरिएको प्रश्नको उत्तरमा जम्मा १४० संख्यामा १३० जना (९२.८६%) लाई जानकारी भएको र बाँकी १० जना (७.१४%) लाई जानकारी नभएको पाइयो ।

यो विषय अघिबाट नभएको तर २०६३ को राजनीतिक रुपान्तरण पश्चात् मात्र सशक्त भएको भन्ने पाइयो । तर प्रायः अधिकांशलाई यो जानकारी रहेको पाइयो । यो पनि हालको राजनीतिक मुद्दा भएर पनि होला यस प्रकारको नतिजा पाइयो । चेतनाको कमि र शिक्षाको स्तर न्यून भएकाले यो फरक देखिएको हो ।

## ५.१७ अधिकारको आवश्यकता किन ?

राज्यको कानुनले दिएको अधिकारभन्दा थप अधिकार किन ? भन्ने प्रश्नोत्तरमा कानुन पूर्ण नभएको र स्थानीय अधिकार पूरा नभएकाले आफ्नो ठाउँमा भएका सम्पूर्ण प्राकृतिक र मानवनिर्मित स्रोतहरुलाई पनि खुलेर प्रयोग र विकाश गर्ने कुरामा सरकारी सहयोग पूर्ण नभएकाले हाम्रो माग आफ्नो स्थानीय स्रोत परिचालनको सम्पूर्ण अधिकार हामीलाई दिनुपर्छ । तव मात्र सम्पूर्ण रुपमा स्थानीय विकास सम्भव हुन्छ भन्ने हाम्रो मान्यता रहेकोले हामीले यसलाई आन्दोलनको विषयवस्तु समेत बनाएर लगिरहेका छौं ।त्यसैले यो अधिकार चाहिएको हो र यसलाई तलको तालिकाले प्रष्ट्याउँछ ।

**तालिका नम्बंर १८**

**अधिकारको आवश्यकता किन?**

| **उत्तर** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| सम्पूर्ण श्रोत परिचालन गर्न | १३० | ९२.८६ |
| जानकारी नभएको | १० | ७.१४ |
| जम्मा | १४० | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

तालिका नं. १८ का अनुसार अधिकार भनेको १४० जम्मा उत्तरदातासँग लिएको उत्तरको आधारमा १३० जना (९२.८६%) ले सम्पूर्ण श्रोत परिचालन गर्न पाउनु पर्छ भने भने बाँकी १० जना(७.१४%) ले  आफूलाई जानकारी नै नभएको उत्तर आएको पाइयो ।

अधिकारको बारेमा गरिएको प्रश्नोत्तर अध्ययनमा स्थानीय स्वायत्तता नपाएको भन्ने पाइयो । यदि पूर्ण अधिकार पाइएन भने स्थानीय स्रोत परिचालन र स्थानीय विकास नहुने भएकोले यो आवश्यक छ भन्ने पाइयो । अहिलेको आन्दोलनको माग र सम्पूर्णतालाई न्याय दिने भएकाले यो फरक देखियो, साथै चेतनामा कमि पनि हुन सक्छ ।

## ५.१८ पहिचान बारे जानकारी

नेपालको सन्दर्भमा पुराना अध्ययन र अनुसन्धानले पुष्टि गरिसकेका छन् कि धर्म सनातन थियो । यो धर्म संस्कार कै आधारमा परिचालित थियो । त्यही संस्कारबाट संस्कृति र धर्म मान्यतामा आयो । त्यसकारण त्यही परम्परादेखि चलि आएको संस्कार नै हाम्रो पहिचान हो भन्ने हाम्रो आन्दोलन पनि हो । त्यसैको प्राप्तिको लागि र आफ्नो संस्कारले राज्यलाई सम्पदाको रुपमा विकास एवम विश्वभर परिचित गराउन समेत पहिचान आश्यक छ । यसलाई तलको तालिकाले प्रष्ट्याउँछ ।

**तालिका नम्बंर १९**

**पहिचान भनेको के हो?**

| **पहिचान** | **उत्तरदातको संख्या** | **प्रतिशत** |
|---|---|---|
| आफ्नो संस्कारलाई सम्पदाको रुपमा बचाउन | १३५ | ९६.४३ |
| थाहा नभएको | ५ | ३.५६ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

यसरी तालिका नं. १९ को आधारमा पहिचाबारे जम्मा १४० उत्तरदातमा सोधिएको उत्तरलाई हेर्दा १३५ (९६.४३%) ले आफ्नो संस्कारलाई सम्पदाको रुपमा बचाउन भन्ने उत्तर दिए भने बाँकी ५ जना (३.५७%) लाई थाहै नभएको भन्ने उत्तर पाइयो । उनीहरुको राजनीतिक र ऐतिहासिक मुद्दा समेत भएकाले आफ्नो संस्कार लोप हुँदै गएकाले एक दिन पूर्ण रुपमा यो समाप्त हुने डरले पनि होला यस प्रकारको नतिजा पाइयो । उनीहरुको आसय पनि यसै विषयवस्तुमा आधारित थियो । हालको सञ्चार र गृह सरकारी संस्थाको लगानि समेत भएको कारण यो फरक पाइयो ।

## ५.१९अधिकार प्राप्ती कस्का लागी ?

अधिकार कस्का लागि भन्ने प्रश्नोत्तरमा उनीहरुको आसय पनि अहिले कै राजनीतिक परिवेश अनुसार राजनीतिक मुद्दा वा चेतना अनुरुपकै उत्तर पाइयो । खास ठाउँमा बस्ने खास जात वा समुदायलाई नै स्थानीय अधिकारले सम्पन्न बनाउनु पर्छ भन्ने मत बढी मात्रामा पाइयो । राजनीतिक चेतनाले होला केही सचेतकहरुले अन्यलाई पनि आवश्यक छ भन्ने धारणा व्यक्त गरे । जसलाई तलको तालिकाले पुष्टि गर्छ ।

**तालिका नम्बंर २०**

**अधिकार प्राप्ती कस्का लागी ?**

| उत्तर | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| यसै ठाउँमा खास जातीलाई | ८५ | ६०.७२ |
| यसै ठाउँका सबै जातिलाई | ५५ | ३९.२९ |
| जम्मा | १४० | १०० |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

कसका लागि तालिका नं. २० ले अधिकार भन्ने प्रश्नको उत्तरमा उत्तरदाताबाट आएको उत्तरमा ८५ जना (६०.७२%) ले यसै ठाउँमा बस्ने खास जातिको लागि भने भने ५५ जना (३९.२३%) ले अन्य जातिका लागि पनि भन्ने उत्तर दिए । यसरी सबैलाई अधिकार समान दिएको अवस्थामा किन छुट्टै अधिकार भन्ने प्रश्नोत्तरमा बढी मात्राले सवैका लागि मागिएको हो भने । उनीहरुले आफ्नो व्यक्तिगत प्रयोगमा नभई सामुहिक विकासका लागि हो भन्ने अवधारणा राखेका थिए भने केहीले हामीलाई पछाडी पारिएकोले त्यसलाई समानता कायम गर्नका लागि यस विशेष जातिका लागि चाहिएको हो भन्ने नतिजा प्राप्त भयो ।

## ५.२०अधिकार र पहिचान बारे जानकारीको स्रोतहरु

अधिकार र पहिचानको बारे जानकारी गराउने स्रोतबारे गरिएको प्रश्नोत्तरमा अधिकांशले पत्रपत्रिका र क्रमशः साथीभाइ, रेडियो/टि.भी. सवै स्कुल/कलेज र गैर सरकारी संस्था आदिबाट भन्ने पाइयो । साथीभाइ भनेको नै राजनीतिक चेतना प्रदान गर्ने माध्यम हो

त्यसैले उनीहरुबाट राजनीतिकचेतनाको अनुभूतिभएको कुरा सर्वेक्षणबाट जान्नमा आयो । यसरी उनीहरुको धारणाको आधारमा तलको तालिका तयार गरिएको छ ।

**तालिका नम्बंर २१**

**अधिकार र पहिचान बारे जानकारीको स्रोतहरु**

| **श्रोतहरु** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| रेडियो/टि.भी | ३५ | २५.०० |
| साथीभाई | ६५ | ४६.४३ |
| पत्रपत्रिका | ९५ | ६७.८६ |
| गैर सरकारी संस्था | २० | १४.२९ |
| स्कुल/कलेज | २५ | १७.८६ |
| अन्य | ५ | ३.५७ |
| सबै | ३० | २१.४३ |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

तालिका नं. २१ मा जम्मा १४० जना उत्तरदातासँग गरिएको प्रश्नमा उत्तर यसरी आएको पाइयो । ९५ जनाले रेडियो / टि.भी. मार्फत् ६५ जनाले साथीभाइ । आजको आधुनिक समाजको विकासले गर्दा सबै प्रकारका सञ्चारका साधन प्राप्त हुने हुँदा आफूले अनुकूल प्रयोग गर्ने स्रोतका आधरामा पुरानो एवम् सवैले सजिलै प्राप्त गर्न सक्ने भएकाले होला पत्रपत्रिका क्रमशः साथीभाइ लगायतबाट भने नतिजा पाइयो । यो वास्तविक हो पनि जस्तो लाग्यो । सञ्चारका लागि सजिलै उपलब्ध हुने स्रोतले गर्दा कुन ठाउँमा कुन सञ्चार साधनको पहुँच सजिलै पुग्छ । त्यसै आधारमा यो पाइयो ।

### ५.२१ अधिकार र पहिचान

तपाइँहरुले लामो समयदेखि उठाउनु भएको मुद्दा जसमा अधिकार र पहिचानलाई कसरी स्थापित गर्नुहुन्छ भन्ने प्रश्नोत्तरमा आन्दोलन, सामाजिक चेतना र कानून निर्माण अर्थात् माथिका सवै मार्फत् भन्ने आयो । यसबाट के पुष्टि हुन्छ भने उनीहरु आफ्नो पूर्ण विचार

प्रष्ट नभए पनि सामाजिक र राजनीतिक चेतनाले यी सबैको प्रयोग मार्फत् गर्न सकिने धारणा अधिकांशले बताए । यसलाई तलको तालिकाले प्रष्ट्याउँछ ।

**तालिका नम्बंर २२**

**अधिकार र पहिचान कसरी स्थापित गर्न सकिन्छ ?**

| **उत्तर** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| आन्दोलन मार्फत | ३५ | २५ |
| सामाजिक चेतना | ३५ | २५ |
| कानुन निर्माण परिचालन | १५ | १०.७१ |
| माथिका सबै | ५५ | ३९.२९ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्बेक्षण, २०७३ ।**

माथिको तालिका नं. २२ अनुसार अधिकार र पहिचानलाई स्थापित गर्न ३५ जनाले (२५%) ले आन्दोलन मार्फत् भने, ३५ जना (२५%) ले सामाजिक चेतना मार्फत् भने, १५ जनाले ( १०.७१%) ले कानुन निर्माण परिचालन मार्फत् भने भने ५५ जना (३९.२९%) ले माथि उल्लेखित सबै हुन् भने, जम्मा १४० उत्तर दाताका अनुसार यो उत्तर पाइयो ।

यसमा पनि मैले वैकल्पिक प्रश्नोत्तर माथिका सवै र अन्य समेत राखेको थिएँ । त्यसमा आफूले बुझ्केका आधारमा यसलाई आन्दोलन, चेतना र कानून सबैमार्फत् भन्नेको संख्या बढी पाइयो । यसबाट सामाजिक विकास र आधुनिक रुपान्तरणको कारण साथै सञ्चारको प्रभावले जस्तो लाग्यो, सो नतिजाले पनि पुष्टि गर्दछ । मैले तयार गरेको प्रश्नावलीका आधारमा पाइएको उत्तरका आधारमा र स्थलगत अध्यनले उनीहरुको सहकार्यका आधारमा यो फरक पाइयो ।

## ५.२२ पहिचान र अधिकारको क्षेत्रमा गैर सरकारी संस्थाको संलग्नता

तपाइँहरुको आन्दोलनका मुद्दाहरुलाई वा पहिचान र अधिकारलाई गैर सरकारी संस्थाको संलग्नता एवम विषयको उठान र प्रचार एवम् रोजगारीमा समेत संलग्नता के कस्तो रहेको छ भन्ने प्रश्नोत्तरमा धेरैले संलग्न पनि रहेको बताए भने केहीले संलग्न नभएको बताए । यसमा हाम्रो सर्वेक्षणले उनीहरुलाई चेतना नभएको हो कि जस्तो पनि महसुस भयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नम्बंर २३**

**पहिचान र अधिकारको क्षेत्रमा गैर सरकारी संस्थाको संलग्नता**

| **उत्तर** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| छन् | १०० | ७१.४३ |
| छैनन् | ४० | २८.५७ |
| **जम्मा** | **१४०** | **१००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।**

माथिको तालिका नं. २३ मा पनि जम्मा १४० उत्तरदाताको उत्तर अनुसार १०० जना ( ७१.४३%) ले अधिकार र पहिचानको क्षेत्रमा गैर सरकारी संस्थाहरु कार्यरत छन् भने बाँकी ४० जना (२८.५७%) बाट छैनन् भन्ने उत्तर आयो । कत्तिको रुपमा उनीहरुको अधिकारको सहयोगीका रुपमा अन्य स्रोत छन् कि छैनन् भन्ने प्रश्नोत्तरमा गैर सरकारी संस्थाको संलग्नता पाइयो । अध्ययनले साथै अवलोकनबाट पनि यो नतिजा देखियो । सायद अहिलेको कानुनी व्यवस्था, विकासको संरचना र उनीहरुको आर्थिक समस्याको कारण पनि यो नतिजा आएको होला । कतिपयले चासो लिने र चेतनशिल भएका र कसैको चेतनामा कमी एवम चासो कम गर्ने भएकाले यो फरक देखियो ।

यसरी आर्थिक र पहिचानलाई हेर्दा थाहा भए नभएको बारे अध्ययन गर्दा बढि मात्रामा थाहा भएको पाइयो । यसमा अन्य गैर सरकारी संस्थाहरु पनि कार्यरत भएको पाइयो । तिनीहरुको सहयोग पनि रहेको पाइयो । लक्षित वर्ग, चेतना, आर्थिक सहयोग आदि मा

योगदान देखियो । यसै आधारमा पहिचान र अधिकारलाई खुल्ला विचार राख्ने प्रश्नावली पनि गरिएको थियो । यसमा उत्तर विशेष रुपमा राष्ट्रियता बलियो बनाउन, समान अवसरको खोजी गर्न, विभेदको अन्त्य गर्न, विदेशी थिचो मिचोबाट मुक्त हुन, सिमाङ्कन र नामाङ्कन समेत गरी भाषा र पहिचानलाई मुल धारमा ल्याएर विकास गर्न एवम् सम्पूर्ण विकास मार्फत देश विकासको लागि यो आवश्यक छ भन्ने पाइयो । अधिकांश उत्तरदाताले असमान र विभेदबारेको गुनासो गरेको पाइएको छ । यसलाई माथि उल्लेखित टेबलबाट पनि प्रष्ट्याइएको छ ।

वास्तविक रुपमा मैले गरेको अध्ययनमा कृषि मुख्य व्यवसाय रहेको पाइयो । प्रायः सवैलाई वर्षभरी खानपुग्ने अवस्था रहेको पाइयो । जग्गा जमिन थोरै भए पनि कतै अरुको जग्गा समेत कमाइ गर्ने गरेको पाइयो । निर्णय गर्ने पारिवारिक अधिकार अभिभावकमा रहेको र यदि अभिभावकको अनुपस्थितिमा परिवारका सदस्यबाट गरिएको निर्णयलाई स्वीकार नै गरेको अध्ययनबाट जानकारी भयो । तपाइँलाई पहिचान सहितको अधिकार दियो भने स्रोत परिचालन मार्फत सन्तुलित विकास गर्न सकिने बारे अभिव्यक्ति दिए । तपाइँहरुको आन्दोलनलाई सहयोग गर्ने गैर सरकारी संस्थाले के कस्ता कामहरु गरेका छन् भन्दा उनीहरुले आर्थिक बृद्धि तथा चेतना वृद्धि आन्दोलनमा र लक्षित वर्गका लागि कार्यक्रम सञ्चालन गरेको बताए । आन्दोलनले गुमेका अधिकारको स्थापना गरी यस ठाउँमा सम्पूर्ण जातिजातिको उत्थान गर्ने बारे राय व्यक्त गरे । जसको कारण आफ्नो गुमेको आत्मनिर्णयको अधिकार स्थापित गरी समाज रुपान्तरण समेत गर्ने बताए । जसले नेतृत्व विकासमा समेत भूमिका खेल्ने बताए । समग्रमा उनीहरुको भनाइ आन्दोलनमार्फत् सबै कुराको प्राप्ति हुने र सबै कुरा स्थापना गरी अगाडि बढ्न सकिने राय व्यक्त गरे । यसमा फाइदा, वेफाइदा, लगानि र समस्याबारे कुनै प्रभाव नभएको उनीहरुको भनाइ पाइयो ।

नेपालमा भइरहेको लिम्बुवान आन्दोलनका कारण, अधिकार र पहिचान बारे गरिएको प्रश्नोत्तरमा केहि व्यक्तिले दिएका आफ्ना धारणा यस प्रकार छन्, जसमा माइकल राई भन्नु हुन्छ, राष्ट्रियता बचाउन, कसैलाई काखा-पाखा नगरी ऐतिहाँसिक रुपमा रहेको किराँति पहिचान हुनुपर्छ । यसका लागि हामीले राज्यको विरुद्ध दबाव स्वरुप आन्दोलन गरेका हौँ ।

जीवन सुब्बा भन्नु हुन्छ , आफ्नो भूमिमा आफै शासन गर्ने । आइतराज राईका अनुसार, देशका सवै जाति, धार्मिक समूह, वर्ग, लिङ्ग, भाषिक समूहका मान्छेलाई समान अधिकार प्रदान गर्नुपर्ने साथै राष्ट्रिय एकता मार्फत समृद्ध नेपाल निर्माण गर्नुपर्ने धारणा राखे । कोपिला लिम्बुका अनुसार, सवै नेपालीलाई समान अधिकार र पहुँचमा ल्याउन उनीहरुको भाषा, धर्म र सँस्कृतिको कदर राज्यले गर्नुपर्छ भनिन् । आकाश चेम्जोङ्ग लिम्बुका अनुसार, ऐतिहासिक रुपमा रहेको भौगोलिक क्षेत्रभित्रको मौलिकता नै पहिचान हो । यहि भूगोललाई आत्मासात गरेर नामाङ्कन र सीमाङ्कन गरिनु पर्छ । यसबाट राज्य सम्वृद्ध बन्छ । त्यस ठाउँमा बस्ने मानिसलाई स्वायत्तता प्रदान गरे विकास हुन्छ । यो लिम्बु जातिको मात्र उत्थान नभएर सम्पूर्ण त्यस भूगोल भित्रका अन्य जातजातिको पनि हो । दिल कुमारी लिम्बुका अनुसार, सवै जातजातिलाई समान, भाषिक, साँस्कृतिक र स्रोतको बाँडफाँडमा समानता कायम राखेमा यो आन्दोलन गरि नै रहनु पर्दैन् । लिला बहादुर लिम्बुका आनुसार, समुन्नत र सम्वृद्ध नेपाल निर्माणका लागि सवैजात जातिलाई समान अधिकार र आफ्नो पहिचानलाई कदर गरिदिए राम्रो हुने थियो । उपेन्द्र बहादुर लिम्बुका अनुसार, सवै जाति, वर्ग, लिङ्ग, भाषा, धर्म र समूहलाई समान हैसियत प्राप्त गर्नका लागि यो आवश्यक छ । आइतराज लिम्बु र पूर्णमाया लिम्बुका अनुसार, त्यस क्षेत्रमा/भूगोलमा बस्ने जाति, धर्म, भाषा, लिपि, संस्कृति सहभागितामा समानता कायम राख्न यो आन्दोलन भएको हो । भूमि प्रसाद पौडेलका अनुसार, भारतीय विस्तारवादको कारण त्यहि राजनीति सफल बनाउने खेलमात्र हो । नेपाल चार वर्ण छत्तिस जातको साझा फुलवारी हो । सो प्राप्तिका लागि यो आन्दोलन भइरहेको छ । यसलाई अन्यथा नलिइ आफ्नो परम्परागत भाषा संस्कृतिलाई स्थान दिनु नै अधिकार एवम् पहिचानको मुद्दा हो । त्यस्तै कुङया नेम्वाङ, शान्ती कुमारी लिम्बु र ऐतराज लिम्वुका अनुसार सामाजिक विभेद, अन्यायका कारण आन्दोलन भएको हो । दमन, शोषण र अधिकार हनन् भएका कारण यसको स्थापनाका लागि यो आवश्यक छ ।

यसै आधारमा हेर्ने हो भने मैले गरेको स्थलगत अध्ययन र प्रश्नोत्तर कार्यले माथि उल्लेखित व्यक्तिको आवाजलाई समेटेको छ । यसले के प्रष्ट गर्छ भने केही व्यक्तिले आन्दोलनका

कारण मात्र बुझेर उत्तर दिएका छन् । यो प्रश्नले अधिकार र पहिचान बारे पनि प्रश्न गरेको भन्नेमा अल्मलिएको जस्तो महसुस भयो । बास्तवमा पहिचान भन्ने शब्द अलिक जटिल र अधिकार पनि कानुनको व्याख्या नै भएकाले होला प्रश्नकर्ताले यि दुवै कुरा राम्ररी प्रष्ट्याउन नसकेको अनुभूती मलाई पनि भयो । तर उनीहरुको आसयले भने प्रष्ट के भयो भने हामीमा भएको आफ्नो परम्परा र पिता पूर्खाले पालन गर्दै आएको  सम्पूर्ण मूल्य मान्यता, रीति रिवाज, धर्म, भाषा, संस्कृति आदिको स्थापनका लागि नै हो भन्ने पाइयो । केहीले राष्ट्रियताको र एकताको सवाल पनि उठाएका छन् भने केहीले भौगोलिक क्षेत्रलाई पनि जोडेका छन् । जे होस् यस अध्यायनले पनि नेपाली धर्म सनातन (आफ्ना पितापूर्खाले पालना गर्दै आएको मुल्य मान्यता अनुसार मान्ने परम्परा) नै थियो भन्ने पुष्टि गर्दछ । सो को पुनः प्राप्तिका लागि उनीहरु आन्दोलित भइरहेको अनुभूत सर्वेक्षणबाट पाइयो ।

आन्दोलनको प्राप्तिलाई हेर्दा पनि यस अध्ययनले गुमेको आर्थिक स्थापीत गराई न्याय, समानता र पहिचानलाई स्थापित गर्छ भन्ने पाइयो । बढि मात्रामा आन्दोलनले फाईदा पुऱ्याउने विचार पाइयो । किनभने उत्तरमा समाज रुपान्तरण , अधिकार र चेतना वृद्धि , नेतृत्व विकाश सबै यसमा पाइने भएकाले यो आवश्यक छ भन्ने पाइयो । आन्दोलनको असर बारेको  प्रश्नको उत्तरमा ९०% ले सबै नेपालभरी रहेको जानकारी गराए भने बाँकी १०% ले पूर्वको जिल्ला लिम्बु जातिमा भनेको पाइयो ।

वास्तवमा पूर्वी लिम्बु आन्दोलनका कारण लाई यसरी हेर्न सकिन्छ । पूर्वी नेपालका ९ जिल्लामा विशेषत कोशी पारीका सबै लाई लिम्बुवान प्रदेश भनिदै आएको पाइन्छ । हामीले यसै अध्ययनमा पनि परिचयको अध्याय र सन्दर्भ सामाग्री को अध्यायमा यसका कारण बारे द्वितीय श्रोत प्रस्तुत गर्दै प्रष्ट्याएको छौं । जसको आधारमा भन्न सकिन्छ । आन्दोलनको कारण भनेको विं.सं १८३१ मा पाएको अधिकार क्रमश खोसिदै गएको र विं सं २००७ सालमा शसक्त आन्दोलन समेत भएको पाइन्छ । त्यस पश्चात राज्यले विं.सं २०२१ सालमा भूमि सुधार ऐन ल्याएपछि उनीहरुको जग्गा पनि समाप्त भएको कारण यि सबैको स्पापना गराउने कारण यो आन्दोलन पटक - पटक हुँदै आएको छ ।

## अध्यायछ

## शारांश एवं निष्कर्ष

### ६.१ सारांश

नेपालको इतिहासमा लिम्बु जातीकै हाङ्ग राजा रहेको पाइन्छ। त्यसकारणले पनि राज्यले सो कुरालाई मान्य गरेको छ। यस जातिले बहादुरी र वीरता देखाएकै कारण राज्यले पहिचान सहितको अधिकारका नाममा किपट भुमि प्रदान गरेको पाइन्छ। सो भुमि र अधिकार दुबै गुमेका कारण ले बि. सं. १८३१ देखि नै आन्दोलनको प्रारम्भ भएको देखिन्छ। त्यसपश्चात वि. सं. १९०९ र वि. सं. २००७ सालमा अलि बढि शसक्त भएको पाइन्छ। वि. सं. २०२१ सालमा भुमिसुधार ऐन लागु गरे पछि किपट भुमि लाई रैकरमा परिणत गर्ने व्यवस्था भएकाले त्यसैलाई केन्द्रमा राखी आन्दोलनलाई व्यापक बनाएको पाइन्छ।उनिहरु संग एउटा सन्धि गरिएको थियो जसलाई लालमोहर सन्धि पनि भनिन्थो। त्यो सन्धि पनि समाप्त भएको पाइन्छ। त्यसकारण थप आन्दोलनलाई बल पुगेको पाईन्छ। ऐतिहासिक रुपमा पनि उनीहरु २४० बर्ष देखि त्यस ठाउँमा बसोवास गर्दै आएको प्रमाण पाईन्छ। यसको बास्तविकतालाई केलाउन र आफ्नो पहिचान, अधिकार र श्वायत्तता गुम्न लागेको देखेपछि आन्दोलनको प्रभावकारिता बढाउन पटक पटक प्रयासहरु गरिदै आएको छ। तर राज्यले कुनै सुनुवाई नगरी त्यसको विपरित वि. सं. २०२१ को भुमिसुधार ऐन ल्याए पश्चात् बढि मात्रामा आन्दोलित भएको पाईन्छ। इतिहास मेटिने र अधिकार समाप्त हुदै गएको देखेपछि आन्दोलनले तिब्रता लिदै हालसम्मको अवस्थामा आइपुगेको पाईन्छ। शारांशमा पहिलो अध्यायको परिचय र दोस्रो अध्यायको सन्दर्भ सामाग्री अध्ययन बाटै यसको पस्ट्याई पाइन्छ।

समग्रमा हेर्दा यस अध्ययन मा यसका क्षेत्र , सिमाना बारे परिचित गराउदै त्यस भित्र पर्ने जनसंख्या, जातजाति, धर्मसंस्कृति, आर्थिक सामाजिक अबस्था आदिलाई ब्याख्या एवं विश्लेषण गरिएको छ। उदेश्य अनुरुप सीमा निर्धारण गरी त्यसै भित्र सिमित रहेर सो विषय बस्तुलाई पुरा गर्ने प्रयास गरिएको छ।सोही अनुरुप त्यस अध्ययनका कारण, आर्थिक सामाजिक अवस्था एवम् पहिचान र अधिकार बारे उल्लेख गरिएको छ। ८२.१४ प्रतिसतले कारण बारे जानकारी रहेको बताएका छन्। त्यसका गुनासो ब्यक्त गर्दै अधिकार गुमेको, थिचोमिचो भएको र राज्यले सुनुवाई नगरेको भन्ने अभिव्यक्ती पाईएको छ। यसमा विभिन्न

प्रश्नावली मार्फत गरिएको अध्ययनको आधारमा आन्दोलन किन, कसरी, कसका लागि भन्ने कुराको आधारमा बढी मात्रामा विकास र स्रोत परिचालन का लागी भन्ने नै पाइएको छ । अनुसन्धानको विधिको कुरा गर्दा विशेषतः लिम्बू आन्दोलनका लागि बेलवारी नगरपालिकालाई अध्ययनको क्षेत्र बनाइएको छ । त्यस पश्चात् नमुना छनोट विधि अनुसार १४० उत्तरदातालाई लिइएको छ । त्यसपश्चात् प्राथमिक र द्वितीय स्रोत संकलन विधि प्रयोग गरी विशेषत अन्तवार्ता मार्फत स्वयं स्थलगत अध्ययन अवलोकन मार्फत तथ्यांक लिएर विश्लेषण गरिएको छ । त्यस्तै आर्थिक सामाजिक अवस्थालाई केलाउने कुरामा पनि राज्यको वेवास्ता हुँदा हुँदै आफ्नै लगानी मार्फत भए पनि प्रयासरत एवम् सुधार उन्मुख नै रहेको भन्ने पाइएको छ ।

आर्थिक अवस्थाको प्रभावलाई केलाउदा लगभग ६० प्रतिशत पुरुष र ४० प्रतिशत भित्रको अध्ययनले व्यवसायिक सफलता, बसोबास मध्यम र मासिक एवं वार्षिक आय स्रोतले जीवनयापनमा कुनै अप्ठ्यारो नपारेको पाइयो । त्यस्तै पहिचान र अधिकारको बारे लगभग ९३ प्रतिशत जानकार रहेको र यसै मार्फत स्रोत परिचान गरी विकास गर्न सकिने देखियो । भाषा, संस्कृति  बचाई राष्ट्रिय सम्पदा संरक्षण गर्दै विकास गरिनु पर्छ भन्ने आधारमा ८५ प्रतिशतको सहमति पाइएको छ । यसै कार्यमा गैर सरकारी संस्थाको संलग्नता लगभग ६२ प्रतिशत रहेको अध्ययनमा पाइयो ।

## ६.२ निष्कर्ष

विशेषत पूर्वका ९ जिल्लालाई लिम्बूवान क्षेत्रले चिनिन्छ । उनीहरुको वीरतालाई देखेर व्रिटिस सरकारले भर्ती लाने गरेको तथ्य हालसम्म छ । पृथ्वीनारायण साहले पनि उनीहरुलाई राज्यलाई सघाए वापतको पुरस्कारको किपट जमिन दिएर एउटा सन्धि गरेका थिए । जसलाई लालमोहर सन्धि पनि भनिन्छ । त्यो गुमेको अवस्था पाइयो । साथै त्यस क्षेत्रका शासन सञ्चालनको अधिकार (स्वायत्तताको अधिकार) पनि गुमेको पाइयो । उनीहरुको भनाइ अनुसार राज्यको वेवास्ताका कारण आफ्नो भाषा, धर्म एवं संस्कृति समाप्त भयो  भन्ने पाइयो । पूर्वी नेपालमा २००७ सालमा ठूलो आन्दोलन भयो । त्यसमा गैर जातजातिलाई (विशेषतः क्षेत्री र बाहुनलाई) त्यस क्षेत्रबाट विस्थापित गरे । तर पनि उनीहरुको अधिकारको सुनिश्चितता भएन जीवन स्तर उस्तै नै रह्यो । त्यस पश्चात सरकारले २०२१ को भूमिसुधार ऐन ल्यायो । त्यसले त उनीहरुको बेचविखन गर्न नपाउने

किपट भूमिलाई समेत बेच्न पाउने कानुनी व्यवस्था आयो । तत्पश्चात जमिन समाप्त भयो । वास्तवमा यस अध्ययनले पनि र उनीहरुको वास्तविकता पनि यही जमिन गुम्न जाने अवस्था, अधिकारबाट बन्चित हुन परेकै कारण आन्दोलन गर्नु परेको हो भन्ने सावित भएको छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी रघुनाथ, लामिछाने यादव, पौडेल अनिल, फूयाल हरि, (२०५४) *मोरङ एक परिचय,* काठमाडौँ : सुनकोशी कम्प्यूटस, माइतीघर ।

कपलान, लियोनेल (२०१०), *पूर्वी नेपालमा लिम्वु जातिको किपट र सामाजिक फेरबदल,* ललितपुर : जनजाति तथा वैकल्पिक विकास अध्यनय केन्द्र ।

कार्की, गोविन्दमानसिंह (२०६५), *वि.सं. २००७ सालको जनक्रान्तिमा भोजपुर,* भोजपुर : नारदमुनि थुलुङ परिषद,

किरात याकथुङ चुम्लुङ (२०६१), *आदिवासी जनजाति लिम्वुहरुको विकास सम्बन्धि एजेण्डा,* ललितपुर : किरात याकथुङ चुम्लुङ ।

गुरुङ, ओम (२०६८), "नेपालमा आदिवासीत्व, पहिचान र स्वायत्तताको विकास," *जातियता र संघीयकरण सम्बन्धी बृहत गोष्ठिको सार संक्षेप,* सम्प्रेषण गोष्ठि, काठमाडौँ : समाजशास्त्र/ मानवशास्त्र, केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, पृ. ८०-८२ ।

गुरुङ, ओम (२०६९), "तमुवान स्वायत्त राज्यका लागि १२ बुँदे तमुवान घोषणापत्र," *लिम्बुवान सन्देश प्रधान पत्रिका,* वर्ष ५, अंक ११, पृ. १६- १७ ।

गौतम, राजेश र थापामगर अशोक कुमार(१९९४), *ट्राइवल इथ्नोग्राफी अफ नेपाल,* नयाँ दिल्ली : भारत बुकफेथ ।

दाहाल, पेशल (२०६५), *मोरङ एक परिचय,* काठमाडौँ : सुनकोशी कम्प्यूटस।

चेम्जोङ, इमानसिंह(२०६९ वैशाख), "लिम्बु जातिको मिनि इन्साइक्लोपेडिया," *लिम्बुवान सन्देश पत्रिका,* वर्ष ५, अंक ११, पृ. ३२-३३ ।

टर्नर, टेरी (२०६९), "आदिवासी जनजाति लगायतको मुद्दाको सम्बोधन," *ए एथ्निक भ्वाइस,* वर्ष १, अंक ३, पृ. १६-१७ ।

*नेपाल लोकतान्त्रिक किरात लिम्बूसंघको मुखपत्र,लोकतान्त्रिक लिम्बुवान* (२०६४), शिखर समुन्द्र अफसेट ।

पोखेल, बालकृष्ण र अन्य (सम्पा.) (२०५५), *नेपाली बृहत शब्दकोश* (पाँ.सं.) काठमाडौँ : ने.रा.प्र.प्र. ।

बराल, भवानी (२०६८), "साम्यवादी आन्दोलनको विचलन," *लिम्बुवान सन्देश पत्रिका,* वर्ष ५, अंक ११, पृष्ठ २४-३६ ।

*बेलवारी नगरपालिकाको वस्तुगत विवरण, २०७१* ।

भट्टचन, कृष्णबहादुर (२०६८) "आदिवासी समूहहरुको आत्मनिर्णयको अधिकार," *जातियता र संघीयकरण सम्बन्धी बृहत गोष्ठिाको सार संक्षेप,* सम्प्रेषण गोष्ठि, काठमाडौँ : समाजशास्त्र/मानवशास्त्र, केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, पृ. ३६-३९ ।

मन्योङवो, रणबहादुर (२०६२), *लालसोर सेन्दाङको परिचयात्मक जीवनी,* वागबजार : एक्सिलेन्ट प्रिन्टिङ प्रेस,

मेरसस्मृडिट, डोबिलाण्ड ए. (सम्पा.) (१०७८), *नेपाल अध्ययन संघ,* मानवशास्त्र संकाय, वासिङगटन राज्य युनिभर्सिटि, पुल्मा, वासिङ्गटन, अमेरिका ।

मिश्र, चैतन्य(२०६७), *बदलिँदो नेपाली समाज,* ललितपुर : फाइन प्रिन्ट ।

मिश्र, चैतन्य (२०६८), "नेपालमा जातिय उभार र संघीय करणको सम्बन्धी," *जातियता र संघीय करण सम्बन्धी बृहत गोष्ठिको सार संक्षेप,* सम्प्रेषण गोष्ठि, काठमाडौँ : समाजशास्त्र/मानवशास्त्र, केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, पृ. २१-२५ ।

राई, बमबहादुर (२०६५), *पौराणिक किराँत इतिहास,* विराटनगर : गजुरमुखी प्रिन्टर्स ।

लामा, मुक्त सिंह (२०६९), "जनजाति आन्दोलन र संविधान सभा," *ए एथ्निक भ्वाइस,* वर्ष १, अंक ३, पृ. ६ ।

लिम्बुवान जर्नल (२०६७ असोज), *प्रवेशाङ्क,* लिम्बु विद्यार्थी मञ्च, केन्द्रीय समिति

सम्हाम्फे लिम्बु, छविसुब्बा(२०६९), "लिम्बुवानको राजनीति कतातिर?" *साइवर क्रान्ति,* काठमाडौँ : ऱ्यापिङ प्रिन्टिङ प्रेस ।

सि.वि.ए. (२०६८), *राष्ट्रिय जनगणना २०६८,* काठमाडौँ : सि.वि.एस.

सुव्वा, दिलेन्द्र (२०६५), "लिम्बुवानको पृष्ठभूमि र भावि दिशावोध", *संघात्मक शासन प्रणालिभित्र लिम्बुवान,* वर्ष ११, अंक ५, पृ. २१-२५, विराटनगरः अरनिको अफसेट प्रेस ।

होल्मवर्ग, डेभिड (२०६८) "इतिहासका अमिट डोवहरुमा बहुसाँस्कृतिक राज्यको परिकल्पना," *जातियता र संघीयकरण सम्बन्धी बृहत गोष्टिको सार संक्षेप,* सम्प्रेषण गोष्ठि, काठमाडौँ : समाजशास्त्र/मानवशास्त्र, केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, पृ. ९-११ ।

## शोधपत्र सर्वेक्षण प्रश्नावली

पूर्वी नेपालको लिम्बु आन्दोलन अध्ययनबारे शोधपत्र तयार गर्नका लागि मोरङ्गको वेलवारी नगर पालिकाको एक समाजशास्त्रीय अध्ययन गर्नका निमित्त तयार पारिएका प्रश्नवलीहरु

नाम थरः ...................................................... जिल्ला ....................

नगर/गा.वि.स. ................. वडा नं. ............... राष्ट्रिय भाषा ................. जाति .............. धर्म ............................ लिङ्ग ....................................

१. तपाइँको परिवारमा कति सदस्य संख्या हुनुहुन्छ ?

लिङ्ग : महिला पुरुष जम्मा

२. तपाइँको मुख्य व्यवसाय के हो ?

कृषि व्यापार सेवा/जागिर

राजनीति/समाज सेवा अन्य

३. तपाइँको शैक्षिक अवस्था कस्तो छ रु

अशिक्षित प्रा.वि. नि.मा.वि

मा.वि. उमावि. क्याम्पस

४. तपाइँको वैवाहिक अवस्था कस्तो छ ?

विवाहित अविवाहित अन्तर जातिय विवाह

विधुवा पारपाचुके अन्य

५. तपाइँको पारिवारिक आम्दानिले वर्षभरी खान पुग्छ ?

पुग्छ पुग्दैन थाहा छैन

६. यदि पुग्दैन भने कति महिना पुग्दैन

०-३ महिना ३-६ महिना ६-९ महिना ९ -१२ महिना

७. तपाइँको आफ्नो आफ्नो परिवारको नाममा कति जग्गा रहेको छ ?

विघा/कठ्ठा/धुर रोपनी/आना/पैसा हालको मेलो मुरी/पाथी/माना

८. तपाइँको परिवारमा घरपालुवा पंछी/जनावर पाल्नु भएको छ ?

छ छैन

९. यदि छ भने के कति मात्रामा छन् ? कृपया संख्यामा बताइदिनुहुन्छ कि ?

गाइगोरु, भेडा बाखा भैंसी कुखुरा

परेवा माहुरी वंगुर सुंगुर अन्य

१० तपाइँको परिवार बसने घर कुन प्रकारको छ ?

माटो जोडाइ प्लाष्टिक खरपरालकच्चि

माटो/टिन कच्ची इंटा सिमेन्छ पक्की

सिमेन्ट रड पक्की

११ तपाइँको परिवारको प्रति महिना आय कति छ

५००० भन्दा कम ५०००-१००००

१००००-२००००　　　　　　　२०००० भन्दा माथि

१२. तपाइको परिवारमा भौतिक सुविधाका साधनहरु के के छन् ?

रेडियो　　टिभी　　साइकल　　मोटरसाइकल

विजुली　　वायोग्यास　　गाडी　　सोलार　　अन्य

१३. तपाइँको परिवारमा अन्तिम निर्णयलिने कार्य कसमा निहित हुन्छ ?

आफै　　श्रीमान्　　श्रीमती　　छोरी

आमा　　बाबा　　हजुरबा　　हजुर आमा　　अन्य

१४. तपाइँले लिएको निर्णयमा परवारको सहयोग हुन्छ ?

हुन्छ　　हुँदैन　　कहिले काँहि हुन्छ　　बलैले हुन्छ

१५) तपाइँको परिवारमा स्कुल कलेज पढ्ने केटाकेटी कति जना हुनुहुन्छ ?

..............................................................................

१६. यदि छ भने त्यसको खर्चको स्रोत कसरी जुटाउन भएको छ ?

मजदुरी　　अन्य व्यवसाय　　जागिरबाटै,　　ऋणमार्फत　　अन्य

१७. तपाइलाई सामाजिक विकासबारे थगाहा छ ?

छ　　छैन

१८ यदि छ भने के हो

बटोघाटो निर्माण　　शिक्षा　　स्वास्थ्य　　खानेपानी

विजुली रोजगार अन्य

१९. आफ्नो भाषा र संस्कृति बारे थाहा छ ?

छ छैन

२० तपाइँलाई आप्नो संस्कृति भनेको थाहा छ ?

थाहा छ थाहा छैन

यदि छ भने धर्म परिवर्तन परम्परागत मूल्य मान्यता

चाडपर्व विदेशि नक्कल

२१. तपाइँलाई आफ्नो संस्कृति किन चाहिन्छ जस्तो लाग्छ ?

राष्ट्रिय सम्पदा बचाउन जन्मदेखि मृत्युसम्मको परम्परा धान्न
अरुलाई देखाउन धर्म परिवर्तन गराउन

संस्कार बचाउन संस्कार बदल्न

२२. तपाइँलाई अधिकार र पहिचान बारे थाहा छ ?

छ छैन

यदि छ भने अधिकार भनेको के हो ?

सम्पूर्ण स्रोत परिचालन गर्न पाउनु आफ्नो काममा अवरोध

मनोमानि गर्नु

२४. तपाइँलाई पहिचान बारे थाहा छ ?

छ छैन

यदि छ भने के हो ?

आफ्नो संस्कारलाई सम्पदाको रुपमा बताउन

धर्म परिवर्तन गर्ने

विदेशी नक्कल गर्ने

२६. अधिकार र पहिचान किन चाहिन्छ जस्तो लाग्छ ?

स्रोतको परिचालन मार्फन समुन्नत विकास गर्न

अर्काको अधिकार खोसी दुःख दिन

स्रोतको दूरपयोग गर्न

२७. यी अधिकार कसका लागि आवश्यक छ जस्तो लाग्छ ?

यसै ठाउँमा बसोवास गर्ने खास जाती

यसै ठाउँमा बस्ने अन्य जाति

बाहिरी आगन्तुकका लागि

अन्य

२८. तपाइँले अधिकार र पहिचान बारे कसरी थाहा पाउनु हुन्छ ?

रेडियो टिभी साथीभाइ पत्रपत्रिका

गैर सरकारी संस्था स्कुल कलेज सबै अन्य

२९ तपाईँलाई आफ्नो अधिकार र पहिचान के गरी स्थापित गर्न सकिन्छ जस्तो लाग्छ श्र

आन्दोलन सामाजिक चेतना कानुनको निर्माण/परिचालन

सवै अन्य

३० अधिकार र पहिचानका बारे यस क्षेत्रमा अन्य सरकारी र गै.स.स. पनि कार्यरत छन् ?

छन छैनन

३१. यदि छन भने के कस्ता काम गरिरहेका छन् ?

आर्थिक सहयोग चेतना वृद्धि लक्षित वर्गका लागि कार्यक्रम

आन्दोलनमा सहयोग अन्य

३२. यस्ता कार्यक्रम मार्फत गरेका कामले अधिकारको प्राप्ति र पहिचानको रक्षा भए जस्तो लाग्छ ?

लाग्छ लाग्दैन

३३. यदि लाग्दैन भने थप के गर्नु पर्ला

चेतना वृद्धि, आन्दोलन कानुनमा सुधार

कानुनुको परिपालन अन्य

३४. अधिकार बारे आन्दोलन शब्द आयो के तपाइँलाई पूर्वी लिम्बु आन्दोलनबारे थाहा छ ?

छ छैन

३५ यदि छ भने यो आन्दोलन कहिलेबाट सुरु भयो ?

१८३१ बाट २००७ सालबाट

२०२१ सालबाट २०४६ सालबाट २०६३ सालबाट

३६ तपाइँको विचारमा यो आन्दोलन के कारणले भए जस्तो लाग्छ ?

अन्य जातजातिको थिचोमिचोबाट मुक्तिको लागि

आत्म निर्णयको अधिकारको लागि

अरुलाई आघात पुऱ्याउका लागि

अन्य

३७. यो आन्दोलन किन गरिएको जस्तो लाग्छ ?

गुमेको अधिकार लिन अन्य जातलाई विस्थापित गर्न

विकासका कार्य गर्न एकल अधिकारबाट अन्यलाई थिचोमिचो गर्न

अन्य

३८. यो आन्दोलन कसका फाइदाका लागि गरिएको होला ?

तपाइँको जातिको अन्य जातिको

अन्य जातिको

सम्पूर्ण यस ठाउँमा बस्नेको

अन्य

३९. यो आन्दोलन कसरी गरिँदै आएको छ ?

कुनै बाहिरी सहयोग आफैले पैसा उठाएर

सरकारी/गैर सरकारी सहयोग कुनै कोष मार्फत

अन्य

४० तपाइँको विचारमा आन्दोलन के का लागि गरिएको होला ?

आफ्नो विकास समाज परिवर्तन

भौतिक विकास अन्य

४१ तपाइँको विचारमा आन्दोलनले के प्राप्ति हुन्छ ?

गुमेको आत्म निर्णय सहितको अधिकार

पूर्ण समुन्नत विकास

सामान्य स्थानीय अधिकार

प्राप्ति नै हुँदैन

अन्य

४२. के यस आन्दोलनले फाइदा वा नोक्सा पुऱ्याउँछ ?

फाइदा नोक्सान

४३ यदि फाइदा पुग्छ भने के के हुन ?

समाज रुपान्तरण पूर्ण अधिकार सम्पूर्ण विकास

चेतनाबृद्धि नेतृत्व विकास अन्य

४४ यदि वेफाइदा पुग्छ भने के के हुन ?

एकल अधिकार समाजमा अवरोध झैझगडा

आफ्नो अधिकारले अरुलाई अरुलाई अन्याय विकासमा अवरोध

अन्य

४५ यस आन्दोलनले कहाँ र कसलाई पारेको छ ?

पूर्वका ९ जिल्ला लिम्बु जाति पूर्वका ९ जिल्ला अन्य जाति

सवै नेपाल भरी अन्य

४६ यस आन्दोलनले तपाइँको विचारमा के प्राप्ति गर्छ ?

गरिवि घटाउने चेतना वृद्धि शिक्षा प्राप्ति

रोजगारी कानुनी राज्य सवै अन्य

४७ यो आन्दोलन भइरहँदा तपाइँले कस्तो समस्या झेल्नु भएको छ ?

मानसिक तनाव बेरोज गारी भौतिक बस्तुको क्षति अन्य

उपचार नपाउँदा मृत्यु

४८ पूर्वी नेपालमा लिम्बुवान आन्दोलनका कारण, अधिका र पहिचान बारे तपाइँको विचार के छ ?

..........................................................................................